म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३३२ शुक्रबार २८ असार २०८१ ने. सं. ११४४ दिल्लाथ्व 12 July 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## रुख ढल्दा हेटौंडामा एक घर भत्कियो



हेटौंडा, २७ असार/ हेटौंडामा वर्षाका कारण रुख ढल्दा एक घर भत्किएको छ । बिहीबार अविरल वर्षाका कारण रुख ढल्दा हेटौडा-११, थानाभन्याङमा स्थानीय लक्ष्मी थिङको घर भत्किएको मकवानपुरका प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

प्रहरी नायवउपरीक्षक भण्डारीका अनुसार, थिङको ब्लक र जस्तापाताले छाएको एकतले घर भत्किएको हो । वर्षाको कारण माटो भासिएर घर पछाडि रहेको शिरिशको रुख ढल्दा घर भत्किएको हो । ढलेको रुखले घरको एक भागमा क्षती पुऱ्याएको छ । घटनामा मानवीय क्षति भने नभएको प्रहरी नायवउपरीक्षक भण्डारीले बताए ।

# बागमतीमा ७ वर्षपछि सत्ताबाट बाहिरिँदै मुख्यमन्त्री जम्कट्टेल

साझाकुरा संवाददाता

हेटौंडा, २७ असार/ बागमती प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जम्कट्टेल ७ वर्षपछि सत्ताबाट बाहिरिँदै छन् । प्रदेशको पहिलो कार्यकालको पाँचवर्ष आन्तरिक मामिला तथा कानुनमन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालय चलाएका जम्कट्टेल प्रदेशको दोस्रो कार्यकालमा तीन पटकसम्म विश्वासको मत पाएर मुख्यमन्त्रीमा छन् ।





१८ महिना महिना मुख्यमन्त्री भएका उनी नयाँ सत्तासमिकरण नेपाली कांग्रेस र नेकपा एमालेको पोल्टामा पुगेपछि सरकारबाट बाहिरिँदै छन् । सत्तासाझेदार दल नेकपा एमालेले सरकारलाई दिएको समर्थन २४ असारमा फिर्ता लिएसँगै जम्कट्टेल नेतृत्वको सरकार अल्पमतमा परेको छ । उनले राजीनामा नदिने र विश्वासको मत लिने बताएका छन् । प्रदेशसभाको बहुमत अर्थात् ६४ सांसद (एमाले (२७) र कांग्रेस (३७) सँग) रहेकाले जम्कट्टेलको बर्हिगमन निश्चित छ ।

जम्कट्टेल २८ माघ २०७४ मा मुख्यमन्त्री नियुक्त डोर मणि पौडेल नेतृत्वको तत्कालीन नेकपा सरकारमा आन्तरिक मामिला तथा कानुनमन्त्री बनेका थिए । नेकपाभित्र एमालेका पौडेलले मुख्यमन्त्री लिएपछि माओवादीतर्फबाट उनले दोस्रो ठूलो हैसियतको मन्त्रालय सम्हाले । ४२ महिना कानुनमन्त्री चलाएका जम्कट्टेल नेकपा विभाजन भएपछि मात्रै मन्त्री पदबाट हटे ।

बागमतीमा नेकपा माओवादी केन्द्रबाट साढे ६ वर्षसम्म निरन्तर सत्तामा रहेका एक्ला सांसद हुन्, जम्कट्टेल । उनले २०७८ को भदौदेखि १० कार्तिकसम्म दुई महिना प्राविधिक रुपमा मात्रै सरकार बाहिर बस्नु पऱ्यो । तत्कालीन नेकपा फुटसँगै एमाले विभाजनको संघारमा पुग्दा २ भदौ २०७८ देखि १० कार्तिकसम्म अष्टलक्ष्मी शाक्य मुख्यमन्त्री हुँदा भने जम्कट्टेल सरकारबाट बाहिर रहे ।

प्रदेशसभामा एकल बहुमत रहेको एमाले विभाजनसँगै शाक्य अल्पमतमा जाने र नयाँ सरकार बन्ने गरी राजनीतिक घटनाक्रम अगाडि बढिसकेकाले जम्कट्टेल पुन: सत्तामै फर्किने बाटो खुला थियो । पार्टी विभाजनको क्षति कम गर्न एमाले अध्यक्ष केपी शर्मा ओलीले डोरमणि पौडेललाई संसदीय दलबाट राजीनामा दिन लगाएर शाक्यलाई नेता बनाएका थिए ।

दलका नेता बनेकै दिन शाक्य एमालेको एकल बहुमत प्राप्त दलको नेताको हैसियतमा मुख्यमन्त्री बनेकी हुन् । सरकार बनाउन ५५ सांसद चाहिनेमा एमालेसँगै ५५ सांसद नै थिए । माधव नेपालले २ भदौमा नयाँ पार्टी नेकपा एमाले (समाजवादी) दर्ताका लागि निर्वाचन आयोगमा निवेदन दिएपछि शाक्यसहितका नेताहरुले उनको साथ छोडेका थिए ।

संसदीय दल वा केन्द्रीय समितिको २० प्रतिशत पुऱ्याएर दल विभाजन गर्न सकिने गरी सरकारले राजनीतिक दल सम्बन्धी अध्यादेश ल्याएसँगै नेता नेपाल पक्षले नेकपा एमाले (समाजवादी) नामक नयाँ पार्टी दर्ताका लागि निवेदन दिएका थिए । एमालेका १३ सांसदले एकीकृत समाजवादी रोजेपछि मुख्यमन्त्री शाक्य अल्पमतमा परेकी हुन् । यसअघि नेपाल पक्षमा २२ जना थिए । १० कार्तिकमा प्रदेशसभाबाट विश्वासको मत लिने दिन राजीनामा दिएर उनी सरकारबाट बाहिरिइन् । उनले दुई महिना मुख्यमन्त्री भएर देशको पहिलो महिला मुख्यमन्त्रीको नाम मात्रै लेखाइन् ।

बागमती प्रदेशसभामा १ सय ९ सांसद रहेकामा सबैभन्दा ठूलो दल एमालेसँग ४३ सांसद, विपक्षी गठबन्धनमा रहेका माओवादी केन्द्रसँग २३, नेपाली कांग्रेससँग २२, एकीकृत समाजवादी १३ र जनता समाजवादीका एक सांसद थिए । शाक्यको बर्हिगमनसँगै कांग्रेस, माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी)को गठबन्धनबाट ११ कार्तिक ०७८ मा राजेन्द्रप्रसाद पाण्डे मुख्यमन्त्री बने । एकीकृत समाजवादीका नेता पाण्डे नेतृत्वको सरकारमा जम्कट्टेल २५ कार्तिक ०७८ मा आर्थिक मामिला तथा योजना मन्त्री नियुक्त भए । एक वर्षपछि दोस्रो प्रदेशसभा निर्वाचनमा धादिङ क्षेत्र नम्बर १ (२) बाट विजयी भए र बागमतीको मुख्यमन्त्री बने ।

संविधानको धारा १६८ को उपधारा २ बमोजिम प्रदेशप्रमुख यादवचन्द्र शर्माले जम्कट्टेललाई २५ पुस २०७९ मा प्रदेशको चौथो र प्रदेशको दोस्रो कार्यकालको पहिलो मुख्यमन्त्रीका रुपमा नियुक्त गरे । त्यतिबेला एमाले, राप्रपा, माओवादी केन्द्र र एकीकृत समाजवादीको सत्तासमीकरणबाट दोस्रो कार्यकालको पहिलो सरकार गठन भएको थियो । त्यो सरकार साँढे २ महिनामात्रै टिक्यो र एमाले सरकारबाट बाहिरियो ।

१० चैत २०७९ मा मुख्यमन्त्री जम्कट्टेलले कांग्रेस र एकीकृत समाजवादीसँगको गठबन्धन सरकारका लागि विश्वासको मत लिए । २० फागुन २०८० मा फेरि एमालेसँग माओवादीको केन्द्रीय सत्तासमिकरण बनेसँगै बागमतीमा एमाले चैत पहिलो साता सरकारमा गएको थियो । एमाले, माओवादी, एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीको सरकार गठन भयो । यो सरकार पनि चार महिना मात्रै टिक्यो ।

एमालेले समर्थन फिर्ता लिएसँगै मुख्यमन्त्री जम्कट्टेल चार महिनामै अल्पमतमा परेका छन् । मुख्यमन्त्रीको कुर्सीमा रहेका जम्कट्टेल कुनै राजनीतिक घटनाक्रममा परिवर्तन नआए सम्भवत एक महिनाभित्रै सरकारबाट बाहिरिने सम्भावना छ । एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीले समर्थन कायम राखे पनि सरकार टिकाइराख्ने जम्कट्टेलसँग कुनै संसदीय अंक गणितको विकल्प छैन ।

नयाँ सत्तासमिकरण बनेसँगै बागमतीमा अब चौथोपटक एमाले र कांग्रेसको गठबन्धन सरकार बन्नेछ । केन्द्रीय समिकरण अनुसार बागमतीमा पनि सरकार गठन हुने भएकाले नयाँ गठबन्धनमा अन्य दल सहभागी हुने वा नहुने बारे अहिले नै टुंगो लागिसकेको छैन । मुख्यमन्त्रीमा कांग्रेस र एमाले दुवैले दाबी गरेका छन् ।

# भरोसा बटुल्दै भुटनदेवी

साझाकुरा संवाददाता

हेटौंडा, २७ असार/ सामुदायिक विद्यालयप्रति आकर्षण, विश्वास र भरोसा बढ्दै गएको छ । पछिल्लो समय हेटौंडामा रहेका सामुदायिक विद्यालय शिक्षक, अभिभावक, विद्यार्थीको रोजाईको केन्द्र बनेको हो । माध्यमिक शिक्षा परीक्षा (एसइइ) को नतिजामा समेत सामुदायिक विद्यालय अब्बल सावित भएका छन् ।



हेटौंडा-४ मा रहेको जिल्लाकै पुरानो र उत्कृष्ट सामुदायिक विद्यालयमध्य एक हो, भुटनदेवी मावि । यहाँ अध्यापन गराउने अधिकांश शिक्षकले आफ्ना छोराछोरी यही विद्यालयमा भर्ना गरेका छन् । शैक्षिक सुधार हुनेदेखि आफैंले अध्यापन गराउँदा अझै राम्रो नतिजा हासिल हुने विश्वासका साथ यहाँका शिक्षक-शिक्षिका सबैको रोजाइमा यही विद्यालय छ ।

भुटनदेवी माविमा अध्यापन गराउने आधा दर्जनबढी शिक्षक-शिक्षिकाले छोराछोरी यही विद्यालयमा पढाएका हुन् । विद्यालयका प्रधानाध्यापक माधवप्रसाद दहालले आफ्ना सन्तान कक्षा ९ देखि १२ सम्म सिभिल इन्जिनियरिङ भुटनदेवी मै पढाएका थिए । त्यस्तै विद्यालयका शिक्षक श्याम शर्माले आफ्नी छोरी सर्वज्ञा बजगाईं र छोरा आरुस बजगाईंलाई भुटनदेवीमै पढाएका छन् ।

त्यस्तै, विद्यालयका सहायक प्रधानाध्यापक वेदराज कोइरालाका छोरीहरु भाषिका कक्षा ९ मा अध्ययनरत छिन् भने भारवि कक्षा १ मा अध्ययनरत छन् । शिक्षिका सरस्वती अधिकारीको छोरी सरगम पनि यही विद्यालयमा कक्षा ७ मा अध्ययनरत छिन् । विद्यालयका सहायक प्रध्यानाध्यापक भरत पोखरेको छोरी प्रिन्सा कक्षा १० मा अध्ययनरत छिन् । नेपाली शिक्षिका संगीता गौतमको छोरा र छोरी दुबै यहीं अध्ययनरत छन् । उनको छोराले सिभिल कक्षा १२ को र छोरी हाल कक्षा १० मा अध्ययनरत छन् । विद्यालयका शिक्षक मुकेश मिश्रको रोजाई पनि आफैंले अध्यापन गराइरहेको विद्यालय नै रहेको छ । उनको छोरा इशान्त कक्षा ११ को विज्ञान संकायमा अध्ययनरत छन् ।

शिक्षिका लिलादेवी तिम्सिनाको छोरा विलक्षण पनि हाल कक्षा ९ सिभिलमा अध्ययनरत छन् । विद्यालयमा कार्यरत आया र मालीले समेत आफ्ना सन्तान भुटनदेवीमै पढाएका छन् । आफूले आफैंलाई विश्वास गरेकाले आफूले पढाउने विद्यालयमा सन्तान पढाएको भुटनदेवी माविका सहायक प्रध्यानाध्यापक वेदराज कोइरालाको भनाई छ । 'म आफूले आफैंलाई विश्वास गरेको हुँ, यहाँका शिक्षक साथीहरुको योग्यता, क्षमता र लगनशीलतामा विश्वास गरेको हुँ,' सहायक प्रअ कोइरालाले भने ।

भुटनदेवी माविको राम्रो शैक्षिक वातावरण भएको र सामुदायिक विद्यालयमा राम्रो सिकाइ हुन्छ भन्ने सन्देश दिन पनि आफैंले अध्यापन गराएकै विद्यालयमा आफ्ना सन्तान पढाएको उनको तर्क छ । जिल्लामा पछिल्लो समय अधिकांश अभिभावकले सामुदायिक विद्यालय नै रोज्ने गरेका छन् । यो विद्यालयमा जिल्लासहित छिमेकी प्रदेशका विद्यार्थीको पनि रोजाईको केन्द्रबिन्दु बनेको छ ।

## माझीगाउँ सामुदायिक वन बागमती प्रदेशकै उत्कृष्ट

साझाकुरा संवाददाता

हेटौंडा, २७ असार/यस वर्षको बागमती प्रदेशस्तरीय उत्कृष्ट सामुदायिक वन पुरस्कार नुवाकोटको विदुर नगरपालिका-८ मा रहेको माझीगाउँ सामुदायिक वन उपभोक्ता समूहले प्राप्त गरेको छ ।

मकवानपुरको हेटौडा-९ मा रहेको बेतखोल्सी सामुदायिक वन उपभोक्ता समूहले दोश्रो र चितवनको कालिका नगरपालिका-५ मा रहेको भिमली सामुदायिक वन उपभोक्ता समूहले तेश्रो पुरस्कार प्राप्त गरेका छन् । प्रथम हुनेले नगद ४५ हजार, दोश्रो हुनेले ३३ हजार र तेश्रो हुनेले २२ हजार प्राप्त गरेका छन् ।

वन निर्देशनालय हेटौडाका अधिकृत लोकनाथ लम्सालको संयोजकत्वमा ५ सदस्यीय पुरस्कार छनोट उपसमितिले ३ वटा सामुदायिक वन समूहलाई पुरस्कृत गर्ने निर्णय गरेको हो । बागमती प्रदेशको १३ जिल्लामा रहेका ४ हजार ५ सय भन्दा बढी समूहबाट छनोट भएका सामुदायिक वन समूहमध्ये उत्कृष्ट ३ वटा समूह छनोट गरिएको पुरस्कार छनोट समितिका सदस्य विनोदकुमार पौडेलले बताए ।

पुरस्कृत समूहले वन ब्यवस्थापन, पर्यापर्यटकीय क्षेत्रको निर्माण, महिलाको लागि आयआर्जनका कार्यक्रम, संस्थागत विकास, आर्थिक पारदर्शीता, वन्यजन्तुको संरक्षण लगायत काम गर्दै आएका छन् । २०८० सालदेखि प्रदेशस्तरीय उत्कृष्ट पुरस्कार दिन सुरु गरिएको हो । २०८० सालको प्रदेशस्तरीय उत्कृष्ट पुरस्कार मकवानपुरको हेटौंडा-६ मा रहेको रानी सामुदायिक वनले प्राप्त गरेको थियो ।

## पहिरोले अवरुद्ध सिस्नेरी-दक्षिणकाली सडक सुचारु

साझाकुरा संवाददाता

हेटौंडा, २७ असार/ अविरल वर्षाका कारण पहिरो जाँदा अवरुद्ध भएको हेटौंडा-सिस्नेरी-काठमाडौं सडकखण्ड सुचारु भएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार बिहीबार अपरान्ह मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-२ स्थित छेपारे भन्ने स्थानमा पहिरो खस्दा बाटो पूर्णरुपमा अवरुद्ध भएको थियो । ठूलो पहिरो हटाएर साँझ ६ बजेदेखि बाटो खुलाइएको प्रहरीले जनाएको छ ।

'हामीले स्थानीय तह र सडक डिभिजनसँग सहकार्य गरेर बाटो खुलाउने प्रयास गरेका हौं', जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले भने ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरु:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय: सितलमहल चोकबाट ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौडा-५, पिप्ले, मकवानपुर

सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५०२७०५७



साझाकुरा

## हाम्रो कुरा

# नवोदय ईनोभेसनको सकारात्मक प्रयास

नवोदय इनोभेसन सेन्टर हेटौंडाले बालबालिकालाई समय सुहाउँदो शिक्षा प्रदान गर्न विश्व परिस्थिति र प्रविधिमा आएको विकासलाई पछ्याउँदै दक्ष जनशक्ति उत्पादन गर्ने तालिम सुरुवात गरेको छ । १ वर्ष अवधिको प्राथमिक शिक्षक तालिम सुरुवात गरेको हो । आधारभूत तह (कक्षा ४–७) का लागि सक्षम शिक्षक तयार गर्ने उद्देश्यका साथ हेटौंडामा नवोदय इनोभेसन सेन्टरले तयारी गरिएको जनाएको छ । १ वर्षे डिप्लोमा कोर्स सञ्चालन गरी कक्षा ४–७ का लागि बालकेन्द्रित शिक्षण गर्न सक्ने शिक्षक तयार गर्न लागिएको बुधबार पत्रकार सम्मेलनमार्फत जानकारी दिइएको हो । तालिममा सहभागी हुनेलाई रोजगारीको व्यवस्था गर्ने प्रतिवद्धता जनाइएको छ । आवश्यक शिक्षण कौशल र ज्ञानयुक्त शिक्षक तयार पार्न, शिक्षण पेशालाई इज्जतदार पेशाको रुपमा स्थापित गर्न, कक्षाकोठा बालमैत्री बनाउन, प्रभावकारी शिक्षकको खोजीमा रहेका विद्यालय शिक्षणसिकाइमा अवसर खोजिरहेका व्यक्ति, गुणस्तरीय शिक्षा पाउने नैसर्गिक अधिकार भएका बालबालिकाबीचमा सेतुको काम गर्ने नवोदय ईनोभेसनले जनाएको छ । विद्यालयले सक्षम शिक्षकको अभावमा चाहेजस्तो शैक्षिक कार्यक्रम पस्कन नसकेको अवस्थालाई मध्यनजर गर्दै दक्ष र योग्य जनशक्ति उत्पादन गर्ने लक्ष्य लिइएको बताइएको छ ।

एकातिर हरेक स्कूलले प्रभावकारी शिक्षकको खोजी गरिरहेको छ भने अर्कातिर शिक्षकको भूमिकामा काम गर्न चाहनेले राम्रो अवसर खोजी गरिरहेको अवस्थामा तालिम आयोजना गरिएको बताइएको छ । बर्तमान आवश्यकतालाई मध्यनजर गर्दै जिम्मेवारीबोधका साथ नवोदय इनोभेसन सेन्टरको स्थापना भएको र समयको मागबमोजिम तालिम प्राप्त, प्रभावशाली र शिक्षण कौशलयुक्त शिक्षकको आवश्यकता परिपूर्ति गर्नका लागि हेटौंडामा १ वर्षे प्राथमिक शिक्षक तालिम कार्यक्रम सञ्चालन गर्न लागिएको नवोदय इनोभेशन सेन्टरले जानकारी दिएको छ । प्रगतिशील शिक्षा, भाषा साहित्य, विज्ञान, सामाजिक अध्ययन, गणित, शारीरिक शिक्षा, संगीत र कला, नृत्य, बालबालिकाको समग्र विकास, सिकाइ उपलब्धि जस्ता विषयमा प्रशिक्षार्थीलाई दक्ष बनाइने बताइएको छ । तालिमका लागि शिक्षा दर्शन: प्रगतिशील शिक्षा, भाषा साहित्य शिक्षण, विज्ञान शिक्षण, सामाजिक अध्ययन शिक्षण, गणित शिक्षण, शारीरिक शिक्षा शिक्षण, संगीत र कला शिक्षण, नृत्य शिक्षण, बालबालिकाको समग्र विकास, सिकाइ उपलब्धी जस्ता विषय निर्धारण गरिएको छ । शैक्षिक रुपान्तरणका लागि लामो समयदेखि निरन्तर शिक्षण सिकाइ र शैक्षिक कर्ममा तल्लीन व्यक्तित्वहरु सम्मिलित सक्रिय समूहको नेतृत्व र व्यवस्थापनमा नवोदय इनोभेसन सेन्टर स्थापना भएको बताइएको छ । बालबालिका केन्द्रित शिक्षण सिकाइलाई जीवन्त बनाउन आवश्यक सहजीकरण गर्दै विद्यालयमा शैक्षिक क्रान्तिको अनुभूति दिलाउन दत्तचित्त भएर लागिपर्ने प्रणका साथ नवोदय इनोभेसन सेन्टर अगाडि बढिरहेको जनाइएको छ ।

विशिष्ट आवश्यकताका आधारमा स्थानीयस्तरमा नै सम्भावना खोजी गर्दै सिकाइ वातावरण र विधि रुपान्तरण गरिने बताइएको छ । नवोदय विद्यालय व्यवस्थापन समिति अध्यक्ष पुरनबहादुर जोशीको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा–४ का वडाअध्यक्ष नवीन सिग्देलले शिक्षाको गुणस्तरमा तीव्र विकासका लागि इनोभेसन कार्यक्रमको आवश्यकता रहेको औंल्याए । यो कोर्सपश्चात् कक्षा ४–७ का लागि बालकेन्द्रित शिक्षण गर्न सक्ने शिक्षक तयार हुने अपेक्षा छ । तालिमप्राप्त सहभागीका लागि उचित रोजगारीको व्यवस्था गरिने बताइएको छ । शिक्षण पेशा एक आकर्षक र रोजाइको पेशा बन्न सघाउ पुग्नेछ भन्ने कुरामा आफूहरु विश्वस्त रहेको संचालकहरुले बताएका छन् । कक्षा १२ उत्तीर्ण भएका विद्यार्थी जो भविष्यमा एक सफल शिक्षक बनेर हजारौं बालबालिकाको प्रेरणाको स्रोत बन्न चाहन्छन्, यस कार्यक्रममार्फत् उनीहरुका लागि सम्भावनाका ढोकाहरु खोल्न मद्दत पुग्ने बताइएको छ । प्रशिक्षार्थी शिक्षकले सिकेका कुरा कक्षाकोठामा अभ्यास गर्न लगाइन्छ र नियमित कक्षा अवलोकन, शिक्षण अभ्यासको अवसर, आवश्यक पृष्ठपोषणलगायत काम गराउँदै सक्षमता हासिल गराइने बताइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९१४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असार २९ गते शनिबार १३ जुलाई २०२४ । सप्तमी, आषाढ शुक्लपक्ष । दिल्लाथ्व ११४४ ने.सं. । सूर्योदय ५:१८, सूर्यास्त ७:०० । भानुभक्त जयन्ती । सूर्य पूजा । देवपाटनमा गंगामाई रथयात्रा ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : दाम्पत्य जीवन सुखद बन्नेछ | **तुला** | : अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ |
| **वृष** | : आम्दानी राम्रो हुनेछ | **वृश्चिक** | : यात्रामा खर्च बढ्नेछ |
| **मिथुन** | : आतिथ्यपूर्ण सम्मान पाइनेछ | **धनु** | : मौकाको फाइदा लिन सकिनेछ |
| **कर्कट** | : प्रेमको बन्धन कसिन सक्नेछ | **मकर** | : शत्रु र रोगबाट छुटकारा मिल्नेछ |
| **सिंह** | : चुनौतीहरु देखा पर्न सक्नेछ | **कुम्भ** | : मुद्दा–मामिलामा विजयी भइनेछ |
| **कन्या** | : व्यवसायमा सामान्य फाइदा हुनेछ | **मीन** | : लगनशीलताले उपलब्धि दिलाउनेछ |

# एसईईको चिन्ता र चासो



✍ अच्युतप्रसाद पौडेल "चिन्तन"

हाम्रा विद्यालयहरु पूर्णरुपमा राजनीतिको छायामा परेका छन् । अहिलेको एसईई परिणाममा मुस्किलले न्यूनतम तलब लिएर पढाएका शिक्षकहरुबाट धेरै विद्यार्थी पास भएका तर सरकारी सुविधाबाट पढाइएका विद्यार्थीहरु धेरै फेल भएका छन् । हालका शिक्षामन्त्रीले शिक्षालाई राजनीतिको भर्तीकेन्द्रमा नराख्ने प्रण गरिरहँदा उहाँसमेत संलग्न रहेको सरकारले मध्यरात्रिमा कोल्टो फेर्न लागेको छ ।

सत्ताको रस्साकसीले देश फेरि एकपल्ट नयाँ स्वरुप लिँदै गरेका चित्रहरु देखिँदै छन् । यी पङ्क्ति तयार गरिरहँदा, साबिकको लोकतन्त्र बालकोट र खुमल्टार रहेको र अबको लोकतन्त्र बालकोटदेखि बूढानीलकण्ठसम्म सर्न लागेको छ । संघीयता र गणतन्त्र अनि लोकतन्त्र उन्नत भनिएको छ र यसका नङ्ग्राले आम नागरिक रक्ताम्ये हुन लागेका छन् ।

जहाँ लोकतन्त्र उपस्थित छ, त्यहाँ नङ्ग्राको रुपमा चिथोर्न उद्यत् छ भने यो पद्धतिले लिएको सुशासन र सेवा प्रवाह पुस्तकालयमा अध्ययनका लागि तय भएको कुरा पछिल्ला भ्रष्टाचारकाण्डहरु पर्दाफास भएकोबाटै पुष्टि हुन्छ । पछिल्लो समय लोकतन्त्र बेचनबाट बेचैन हुँदै छ र संविधान संशोधनको भुल्भुलैया राखी आम जनतालाई नयाँ लोकतन्त्रको रंगमञ्चमा लगिएको छ, यसको प्रभाव सबै क्षेत्रमा परेअनुसार अतीतदेखि नै शिक्षाक्षेत्रमा पनि परेको विषयमा कोही अनभिज्ञ छैनन् र देशले होनहार युवालाई निर्यात गरेर त्यसले विप्रेषण आयात गरेको छ ।

सरकारले अर्बौं रकम शिक्षामा लगानी गरेको छ, तर शिक्षामा लगानी बालुवामा पानी भएको छ । २०८० को एसईई परीक्षाको नतिजामा जम्मा ४७.८६ प्रतिशत विद्यार्थी उत्तीर्ण भई बाँकी अनुत्तीर्ण छन् । ४ लाख ८६ हजार ७८५ जनाले परीक्षा दिएकामा ४ जीपीए ल्याउने १८६ र कक्षा ११ का लागि योग्य जम्मा २ लाख ४२ हजार ३१३ रहेका छन् । सबैभन्दा महत्वपूर्ण विषय त के छ भने, झन्डै ३५ हजार विद्यार्थीले यो परीक्षामा फराम भरेर परीक्षा दिन गएनन् र परीक्षा दिनेमध्ये २२१ जनाको परीक्षा नै रद्ध भएको छ ।

अधिकांश भनौं ७८ हजार ८७४ जनाले २.८० देखि ३ सम्मको ग्रेडिङ पाएका छन् भने ३ देखि ३.२० सम्मको ग्रेडिङ पाउनेहरु ६८ हजार २५६ छन् । गत चैत्र १५ देखि २७ सम्म सञ्चालित सो परीक्षामा २ विषय अनुत्तीर्ण अर्थात् नन् ग्रेडिङ पाएकाले पुन: परीक्षा दिन सक्ने प्रावधानलाई परिवर्तन गरी सरकारले यसै श्रावणमा सबैले पुन: परीक्षा दिन सक्ने प्रावधान तय गरेको छ । हाम्रा पालामा पुन: परीक्षामा पनि एक वर्ष पर्खनुपर्ने सन्दर्भमा सबैले उतिखेरै पुन: परीक्षामा संलग्न हुन सक्ने प्रावधानले समयको पर्खाइलाई त हटाएको छ तर शिक्षा बिस्तारै देशमा खस्किँदै गएको सन्दर्भमा अटोमेटिक पास हुनेसमेत मान्यता बोकेका कारण आम विद्यार्थीले पढाइप्रति खासै ध्यान नदिएको भान हुँदै छ । जो पास हुन्छन्, तिनले पनि जीवन नबुझेको महसुस हुँदै छ र पढेपछि रोजगारी पाउने सम्भावना त न्यून नै छ ।

राजनीतिमा साला, साली, गर्लफ्रेन्ड, ब्वाइफ्रेन्ड, दाजु, भाउजू, भिनाजु प्रशस्तै चलेको हो, अब त शिक्षा त्यसमाथि एसईईमा पनि सालोको परीक्षा भिनाले दिए । हाम्रो संस्कार, संस्कृति मौलिकतालाई विदेशी संस्कृतिले बेस्सरी किच्न लागेको छ र देशमा सधैं अप्रिल फुल छ । नेतृत्व सधैं भन्छ, उथलपुथल गर्छु भनेर । टीआरसी विधेयक कता पुग्यो, निजामती विधेयकमा लत्तो छोडियो, विदेशी लगानी आकर्षण भन्दै घुमाउरो पाराले बाबाको काभ्रेको हदबन्दी बढीको र झापाको गिरीबन्धुलाई माया गर्दै हदबन्दीको जग्गा बिक्रीबारेको कानुन आएको छ । विद्यार्थीजति खाडीतिर धकेल्ने लोकतन्त्रले देशलाई स्वीट्जरल्यान्ड बनाउँछु भन्यो, हुँदै छ सोमालिया ।

वि.सं. १९९० देखि देशमा एसएलसी परीक्षा शुरु भयो । अब एसईईमा परिणत भएको छ । विद्यार्थीहरु नैतिक, इमानदार, अनुशासित उत्पादन गर्न सकिएको छैन । हाम्रो शिक्षा सीपमूलक भएन, रोजगारी पाउन नसक्ने शिक्षाप्रति आम मानिसको चासो छैन र प्लस टु सकिनासाथ खाडीमै भेटूँला भनिदै छ । २८ सालमा लागू गरिएको ऐनलाई जसोतसो कार्यान्वयन गरिँदै छ । शिक्षा ऐन आठौं संशोधन २०७३ ले कक्षा १० को एसईई र कक्षा १२ को परीक्षाको जिम्मा राष्ट्रिय परीक्षा बोर्डलाई दिएको छ । साबिकको एसएलसी अब एसईईमा परिणत भई कक्षा १२ उत्तीर्ण नभएसम्म कलेज वा विश्वविद्यालयका ढोका बन्द छ । संविधानको धारा ३१ ले प्रत्येक नागरिकले आधारभूत शिक्षा नि:शुल्क र अनिवार्यरुपमा पाउने गफ दिएको छ । र, माध्यमिक शिक्षासम्म नि:शुल्क नै भनेको छ । तर यो व्यवहारमा लागू छैन । अभिभावकहरुले आफ्नो सबै आम्दानीबाट पनि सन्तानको शैक्षिक खर्च धान्न नसकेको गुनासो छ । स्वास्थ्य बिमा भन्ने सरकार अतिरिक्त शुल्क लिन्छ र निजीक्षेत्रका शैक्षिक संस्थाहरुले ठूलै व्यापार गरिरहेका छन् ।

सरकारी पनि नि:शुल्क छैन । संविधानको अनुसूची ८ ले शिक्षालाई स्थानीय तहको क्षेत्राधिकारमा राखेको छ र पालिकाका पदाधिकारीहरुलाई विद्यालयहरुमा गएर माला लगाउनै भ्याइ–नभ्याइ भएको छ । गुणस्तरको जनशक्ति छैन, राम्रो अनुगमन छैन, नानाथरीका शुल्कहरुले अभिभावक चिन्तित छन् ।

अभिभावकहरुको आयआर्जन नहुँदा विद्यार्थीको विद्यालय ड्रप आउट संख्या बढ्दै छ । कक्षा ९ देखि १२ सम्मका विद्यार्थीले स्कुल छोड्ने क्रम ४३ प्रतिशत रहेको एक अध्ययनले देखाएको छ भने उच्च शिक्षामा भर्नापछि ड्रप आउट संख्या २० प्रतिशत छ । वार्षिक सवा लाख विद्यार्थी बाहिर पोखिएको स्वयं त्यस क्षेत्रमा काम गर्नेहरुको भनाइ छ । महिनाकै १० अर्ब रकम विदेश जाने गरेको तथ्यांक छ, शिक्षा आर्जन भन्दै । गतवर्ष सञ्चालित सबैभन्दा बढी परीक्षामा सामेल हुने काठमाडौं केन्द्रबाट ३८ हजार ८१३ जना विद्यार्थीको आँकडा छ भने कममा परेको छ जापान केन्द्र, जसमा मात्र २३ जना विद्यार्थी रहे । यस वर्ष परीक्षामा केही परिवर्तन गरिएको छ, जसमा आन्तरिक मूल्यांकनमा न्यूनतम ४० प्रतिशत र सैद्धान्तिकतर्फ हरेक विषयमा ३५ नम्बर ल्याउनै पर्ने थियो ।

नयाँ पुस्तामा जिम्मेवारीको अभाव छ, मस्तिष्कमा समझदारीको छैन, मिहिनेत नगरीकनै ठूलो बन्ने, धनी हुने सोख छ । राजनीतिक दलहरुले आ–आफ्ना भ्रातृ संस्थाहरु खोल्दै नयाँ पुस्तालाई आफैं जस्तो हुन प्रशिक्षण गर्दै छन् । विद्या ददाति विनयं विनयात् याति पात्रताम्, पात्रतात् धनमाप्नोति धनात् धर्म तत: सुखम् (नीति) । अर्थात् विद्याले नम्रता दिन्छ, नम्रताले असल पात्र बनाउँछ, असल पात्रबाट धनार्जन हुन्छ, त्यस्तो सत् आर्जित धनले धर्म भई जीवनभरि सुख र त्यसपछि शान्ति मिल्छ । त्यसैले नीतिले नै भनेको छ– विद्या धनं सर्व धनं प्रधानम् अर्थात् सबै धनभन्दा विद्या धन नै ठूलो धन हो । ठीक उल्टो आजको शिक्षाले ढुंगा हान्न सिकाएको, श्रम–सीपको अभाव भई मौलिकता गुमाएको, पराधीन भएर झन्–झन् बेरोजगार भई आमाबाबुको घर–खेत बिक्री गर्दै खाडीमा जान प्रेरित गरेको, युरोप, अमेरिकाको सपनामा अभिभावकबाट टाढा भएका बाबुआमा एक्लै भएका र मृत्यु अनि त्यसपछि पनि सन्तानको अभाव भएको महसुस भएको छ ।

आजको नयाँ पुस्ताले न घर, परिवार, समाज वा देश बोक्न सकेको छ, न आफू स्वावलम्बी भई स्व–आर्जन गर्न सकेको छ । साँचो विद्या त्यस्तो विद्या हो जसले जीवनलाई जीवन्त बनाउँछ । अक्षर भन्नु क्षर अर्थात् खेर नजानु हो, नष्ट–भ्रष्ट नहुनु हो, नाश नहुनु हो । अझ अक्षर भन्नु त परब्रह्म प्राप्ति हो, मुक्ति पनि हो, उन्मुक्ति हो । अक्षरसहित आफूलाई स्थापित गर्नु साक्षर हुनु हो, कखरा सिक्नु वा ए, बी, सी, डी पढ्दै साक्षर हुने होइन, ठूला डिग्री बोक्दैमा मानिस ठीक हुन्छ भन्ने होइन, अक्षरै नचिनेकाले पनि घर, परिवार, जीवन गतिलो ढंगले हाँकेका कैयौं उदाहरण छन् । ज्ञान प्राप्तिपछि विज्ञानको दुरुपयोग गर्नुहुन्न, बन्दुकको बलभन्दा कलमको बल बढी हुन्छ ।

त्यो बेला बिहानभरि मेला भ्याएर, चार गाँस टिपी कुदेर स्कुल जानुपर्ने । त्यो पनि खाली खुट्टा, आउँदा–जाँदा खोला–बाढीको पीर त छँदै थियो, स्कुलमा ढिलो हुन नहुने, गुरुलाई मुखाग्र पाठ बुझाउनुपर्ने, लेखेर सबै देखाउनुपर्ने, भन्न सकिएन वा गल्ती भयो वा गृहकार्य गरिएको छैन भने लठ्ठी खानुपर्ने, त्यो पनि हातै रातो हुने गरी । हाफ टाइमको समय आधा घण्टा र ल्लिँदा पाँच–दश पैसाको चना, केराउ टोक्दै पन्–बीस मिनेटको खाली समय कि त साइकल खेल्ने, भाडामा साइकल लिएर अथवा स्कुलनजिकै बजारमा सुनिने रेडियोको समाचारले दिनभरिका राष्ट्रिय, अन्तर्राष्ट्रिय घटनाबारे जानकारी लिनुपर्ने । छुट्टी भएपछि सुरुवालको इनारले कम्मरमा किताबहरु अड्काएर या त घर फर्कंदा खेतबारीको मलको डोको वा पतकर, घाँस, दाउरा वा बजारका कुनै किनमेल वा फर्कंदा खेतमा धानमा पानी लगाउने, बाउसे गर्ने वा खेत गोड्ने वा गहुँ चुट्ने, काट्ने, गाईवस्तु कता छन् खोज्दै गोठसम्म ल्याउनुपर्ने अवस्था हुन्थ्यो ।

जसोतसो घरभित्र पुगेपछि टुकी बत्तीमा भातभान्सा, रसेटो, गाई दुहुनु, खानीकुरो हाल्ने, किताब समाउने फुर्सदै कहाँ पाउने र ? जसोतसो घरधन्दा छिनेर ओछ्यान पुगी भोलि गुरुलाई पाठ बुझाउनुपर्ने तयारी कण्ठ पारेर हो वा लेखेर, गृहकार्य पूरा गर्दा मध्यरात बितिसक्थ्यो । प्रोज, पोयट्री कण्ठ, भाषा उल्था, अल्जेब्राका थेरमहरु कण्ठ, भाषा, व्याकरण सूत्रसहित कण्ठ, निबन्ध, चिठी लेखन, राष्ट्रिय, अन्तर्राष्ट्रिय सामान्य ज्ञान संसारभरिको सबै जान्नुपर्ने । शुक्रबार हाफ छुट्टी भएपछि खेतीको काम, परिवारको अरुको भारोपर्म मेलाको पालो दिनुपर्ने । सप्ताहान्त बिदाको दिन मन्दिरका गुरुहरुसँग विशेष जीवन दर्शन, पुराण, धर्मकर्मका बारे विवेचना, व्याख्या, मीन पचासको या दशैं तिहारको लामो बिदामा गुरुकूल, खेतबारीका सबै काम, भारोपर्म, अलि ठूलो हुनासाथ स्कुल बिदा मिलाई कथा प्रवचन, सत्संगमा सामेल, ज्योतिष, चिनामा दक्षता हासिल गर्नुपर्ने । साथै स्कुल, कलेजका अतिरिक्त घर धन्दादेखि इष्टमित्रकहाँ आउजाउ जीवनको र हस्यबारे सिकाइ, भोगाइ, हल्का फुर्सद मिल्नासाथ विश्वविद्यालयका पुस्तकालयमा अतिरिक्त ज्ञानका लागि दौडधूप, कीर्तिपुरदेखि हरेक कलेजका पुस्तकालयपिच्छेको सदस्य बनेर भनौं अहोरात्र खटेर, चौबीस घण्टामा ४ घण्टा आराम, बाँकी जीवन कलेज, पुराण, ट्युसन, नोकरी, घरजग्गाको थप जोहो, कमाइ, बचत, औषधिमूलो, कपडा धुनेदेखि यावत् समस्या एक्लै झेलेर जीवनलाई खार्नुपर्ने अवस्था थियो र पनि जसोतसो सेकेन्ड डिभिजन प्रमाणपत्र हात पर्ने गर्थ्यो ।

समयले कोल्टो फेर्‍यो । नयाँ पुस्ता अहिले ठस्ठसी कन्दै आठ बजेसम्म ओछ्यान छोड्दैनन् । सोफावरिपरि पुस्तक छरिएका छन्, मिलाउँदैनन् । बेड टी समयमै चाहिन्छ । दाँत माझ्न शनिबार कुर्नुपर्छ । स्मार्ट फोन, पंखामुनि सजिएको कोठा, टेबुल, कुर्सी, ल्यापटप, अनलाइनमा नेटको फी, बाउबाजेको घरमा हुने महिनाको खर्चबारे जानकारी छैन । एक्लै नुहाउन सक्दैन, नुहाइहाल्यो भने भित्री कपडा, मोजासमेत शौचालयमै छोड्छ । बट्टा बन्दी खाना, त्यो पनि भनेकै बेला, यसरी आज विद्यार्थाको दिनचर्या चलेको छ, तर पनि अधिकांश फेल हुने अवस्था छ । यो सब कसको दोष ? राज्यको कि परिवार–समाजको ? पर्गेल्ने बेला आएको छ ।

*(साभार: नेपाल समाचार–पत्र)*

# कांग्रेस–एमाले गठबन्धन : राजनीतिमा सबै कुरा जायज हुन्छ !

✍ गुरुराज घिमिरे

हालका प्रधानमन्त्री पुष्पकमल दाहालले एमालेसँग पछिल्लो सत्ता समीकरण बनाएपछि नै नेपाली कांग्रेस र नेकपा एमालेबीच सत्ता समीकरण सम्भावना बारे बहस सुरु भएको थियो । यही जगमा केही दिनअघि दुई दलका शीर्ष नेताहरूले सत्ता समीकरण बनाउने घोषणा गरेका छन् । र, केही राष्ट्रिय विषयमा सहमति समेत गरेर आगामी सरकारमा आलोपालो नेतृत्व गर्ने समझदारी समेत बनाएका छन् । नेपालको राजनीतिमा कांग्रेस/एमाले सत्ता गठबन्धन कुनै अनौठो घटना होइन । आजसम्म यी दुई पार्टीका बीच तत्कालीन राष्ट्रिय आवश्यकताले विगतमा पनि गठबन्धन हुँदै आएको हो । जनआन्दोलनमा हुने सहकार्यलाई छाडेर हेर्दा २०५६, २०६३, २०६६ र २०७० सालमा गरी पटक–पटक सत्ता समीकरण हुँदै आएको विगत छ । ती गठबन्धनहरूले कतिपय अवस्थामा देशलाई सकारात्मक मार्गमा अग्रसर गराएको छ र कतिपयले सरकार मात्र चलाएको छ ।

खासगरी २०६३ र २०७० को सत्ता गठबन्धन नेपालको लागि ऐतिहासिक र अविस्मरणीय रहेको छ । जसले संविधानसभाको निर्वाचन र संविधान निर्माण जस्ता ठोस उपलब्धिमूलक कार्य गरेर देशलाई दिशानिर्देश गरेको छ । यस पृष्ठभूमिमा हेर्दा भर्खरै घोषणा गरिएको सत्ता गठबन्धनबाट पनि राष्ट्रले थोर बहुत उपलब्धि प्राप्त गर्ने नै छ भनेर विश्वास गर्न सकिन्छ । फरक यति मात्र हो कि विगतका सबै गठबन्धनहरू कांग्रेस नेतृत्वमा निर्मित थिए भने यसपटक भने एमाले नेतृत्वमा हुने भएको छ ।

र, अर्को कुरा यसभन्दा अघि कांग्रेस नेतृत्वको समीकरणमा कांग्रेस नै संसद्को सबैभन्दा ठूलो पार्टी थियो र अहिले एमाले दोस्रो ठूलो पार्टी छ । २०६६ सालमा भएको सत्ता समीकरणमा तत्कालीन संविधानसभामा कांग्रेस दोस्रो र एमाले तेस्रो दल थियो । कांग्रेसका निम्ति यो नयाँ अनुभव हो । यसपटक कांग्रेस संसद्को पहिलो दल छ र दोस्रो ठूलो दलको नेतृत्वमा सरकारमा जाने भएको छ । र, दुवै दलले बराबरीको संख्यामा जस्तो मन्त्रालयको मोटामोटी भागबन्डा समेत गरिसकेका छन् । अर्को गज्जब कुरा गत संसदीय निर्वाचनमा एमाले विरुद्ध नेकपा माओवादी केन्द्र सहितको गठबन्धन बनाएर चुनाव लडेको कांग्रेस यसै कार्यकालमा एमालेको नेतृत्व स्वीकार गर्न तयार भएको छ । विगतको संसद्मा एमालेसँग तिक्ततापूर्ण सम्बन्ध रहेको कांग्रेसले तत्काल एमाले अध्यक्षले प्रधानमन्त्रीको हैसियतले गरेको संसद् विघटनलाई असंवैधानिक कदमको संज्ञा दिँदै स्वयं ओलीलाई सर्वसत्तावादी, तानाशाह र लोकतन्त्र विरोधीको रूपमा चित्रित गरेको थियो ।

सायद अब ती आरोपहरू खारेज भएका छन् र नाम, सिद्धान्त र लक्ष्य फरक भए पनि संसद्का सबै दलहरू उस्ताउस्तै भएका छन् । अब कसैले कसैलाई आरोप वा लाञ्छना लगाउन नमिल्ने भएको छ । गत कार्यकालमा नेपाली कांग्रेसलाई 'संग्रहालय'मा पुर्‍याएका र 'निम्छरो पार्टी' को संज्ञा दिएका एमाले अध्यक्ष ओलीले अब कांग्रेसकै टेकोमा प्रधानमन्त्री बनेर कांग्रेसलाई लोकतन्त्रवादी सहकर्मीको दर्जा दिनेछन् र कांग्रेसले राष्ट्रिय विषयका आफ्ना पूर्वधारणा र आग्रहलाई सप्तकोशीमा बगाउने छ । कतिपय विषय इतिहासका त्यस्ता अकाट्य पक्ष हुन् जसलाई चाहेर पनि हामी कसैले विस्मृतिमा धकेल्न सक्तैनौं । एउटा कुरामा भन्न सकिएला, प्रेम र युद्ध मात्र होइन, राजनीतिमा पनि सबै कुरा जायज हुन्छन् । त्यसैले हाललाई राष्ट्रिय आवश्यकताको न्यानो बर्को ओढेर बनाइएको सत्ता समीकरणलाई अस्तित्वमा आउन दिउँ र यस अभ्यासले देशलाई अग्रगामी दिशा दिनेछ भन्ने विश्वास गरौं । अहिलेलाई हामीसँग अर्को बाटो छैन । र केही समय गठबन्धनको प्रतिकूल हुने गरी कुनै बहस र वादविवाद पनि नगरौं ।

आगामी मन्त्रिपरिषद्मा रोजिने पात्रहरू हेरौं, तिनको विगतको कार्यसम्पादनको सम्झना गरौं र दुवै दलले नयाँ र योग्य पात्रलाई अवसर दिन्छन् दिँदैनन्, गम्भीरतापूर्वक ध्यान दिउँ । अहिलेको हाम्रो जिम्मेवारी यही हो । केही दिन, केही महिना समाचार सुनौं र आनन्दले बसौं । समयक्रममा थप टिप्पणी गरौंला । यतिबेला नेपाली समाज र सम्पूर्ण देश नै आहत छ । यसको प्रमुख कारण राजनीतिक दलहरूको राज्य सञ्चालनको पुरातन कार्यशैली हो । अहिले जनता एकप्रकारले काकाकुल जस्ता छन् । कहिले र कसले सुधार गरिदेला भन्ने गहिरो आश र चिन्ता छ । नेपालको राजनीतिमा एकपछि अर्को प्रयोग जारी छ । यसै सिलसिलामा वर्तमान समीकरणको अभ्युदय भएको भनिएको छ ।

तर्क र कारण जायज छन् । अब यसको सुरुआत कसरी हुन्छ हेर्न बाँकी छ । मूल समस्या र समाधानको विकल्प केहो सबैलाई थाहा छ । हामी सबै सिद्धान्तका बहुत पक्का र होनहार प्रवक्ता हौं तर हाम्रो व्यवहार ठिक विपरीत छ । भन्छौं एउटा, गर्छौं अर्कै । अब फेरि एकपटक यसलाई सच्याउने मौका आएको छ । सिद्धान्त र नीतिलाई व्यवहारले सिद्ध गर्ने ऐतिहासिक अवसर हामीले नै सिर्जना गरेका छौं । सचेत जनताले ध्यानपूर्वक हेरिरहेका छन् । अब कांग्रेस एमालेले होसियारीपूर्वक कदम चाल्नुपर्ने समय आएको छ । किनभने संसद्मा हुने अनेकौं प्रयोगमध्ये यसलाई गतिलो प्रयोग नै मान्नुपर्छ ।

सत्ताको जुवा खेल्न थापिने प्रचलित खालहरूमा यो उत्कृष्ट मध्येको एक खाल हो । यो उपलब्ध प्रयोगका विकल्पहरूमध्ये उत्तम मध्येकै एक हो । यसलाई सधैंभरि द्वन्द्व र कलह मच्चिरहने राजनीतिक दलभित्रको अस्वाभाविक मौनताले पनि पुष्टि गरेको छ । पार्टीभित्रको उच्च तहले समेत थाहै नपाई गरिएको सहमतिमा सामान्य असन्तुष्टि समेत कसैले नदेखाउनुले सिङ्गो पार्टी एकढिक्का जस्तो देखिएको छ ।

सहमतिको सुइँको नपाए पनि जस लिने होड चलेको छ । राजनीतिमा यस्ता एकांकी चल्ने गर्छन् । सामान्य जनताले यस्ता घटनाको गहिराइ थाहा पाउँदैनन् । सायद सरकार विस्तारसम्ममा केही असन्तुष्टि बाहिर आउला नै । यदि आएन भने झन् राम्रो हो । जे जस्तो भए पनि दुवै दलका निम्ति यो परिवर्तन हाललाई सुखद् मान्नुपर्छ । र देशलाई सही मार्गमा डोर्‍याउने अहिलेको उपायको रूपमा स्वीकार गर्नुपर्छ । हामीले अहिले गर्नुपर्ने महत्त्वपूर्ण कार्यहरूमध्ये मुख्य दुईवटा प्राथमिक जिम्मेवारी हुन् ।

**सुशासन**

नेपालको सबभन्दा ठूलो समस्या सुशासनको पूर्णतया अभाव हो । राज्यको उपल्लोदेखि तल्लो तहसम्मका राज्य संरचनाहरू बिल्कुल भ्रष्ट छन् । राजनीतिक र प्रशासनिक दुवै क्षेत्रका जिम्मेवार व्यक्तिहरूको संलग्नताले यस प्रवृत्तिलाई अझ सघन बनाएको छ । जनताले निर्वाध र सहज रूपमा प्राप्त गर्नुपर्ने सेवा प्रवाहमा अनेकौं व्यवधान छन् । अपवाद बाहेक पहुँच, पैसा र दादागिरी नभई सरकारी कार्यालयहरूले जनसेवा गर्दैनन् । यस विषयमा राजनीतिक दलहरूको ध्यान छैन ।

एसईईको नतिजा इतिहासमै सबैभन्दा खराब आएको छ । यसमा बहस छैन । राष्ट्र निर्माणको महत्त्वपूर्ण संसाधनको रूपमा रहेको युवा जनशक्ति निरन्तर पलायन भइरहेको छ । समाजमा चरम बेरोजगारी छ, अशान्ति छ । दलहरूमा देश चलाउने न्यूनतम समझदारी छैन । राज्य सञ्चालनको दौरानमा काण्डै काण्डको शृंखला छ । हत्या र बलत्कारमा संलग्न व्यक्ति पत्ता लगाएर कारबाही गर्न सरकारले चासो राख्दैन । सन्तुलित र दिगो परराष्ट्र नीति छैन । विकास आयोजनामा प्राथमिकीकरण छैन । गरीबीको आँकडा १७ बाट बढेर २० प्रतिशत नाघेको छ । महँगी दिनप्रतिदिन बढेर जनताको दैनिकी कष्टकर भएको छ । व्यापार घाटा बढेर वैदेशिक व्यापारमा चरम असन्तुलन छ । राष्ट्रिय सम्पदा (धार्मिक र प्राकृतिक) को दोहन र उपयोग छैन । मूल कुरा त दलहरूमा राष्ट्रिय चिन्तन देखिँदैन । देशमा विद्यमान समस्याको मुख्य कारण नै राजनीतिक दलका खराब गतिविधि हुन् ।

*(साभार: अनलाइनखबर)*

# विवादै विवादमा बित्यो रवि लामिछानेको गृहमन्त्रीकाल



काठमाडौं/उपप्रधान तथा गृहमन्त्रीका रुपमा रास्वपा सभापति रवि लामिछानेको दोस्रो कार्यकाल पनि प्रीतिकर रहेन । खल्तीमा राजीनामा बोकेर हिँडिरहेको बताउने उनी र रास्वपाका मन्त्री अझै पनि प्रचण्डकै खल्तीको राजीनामापत्र कतिखेर बाहिर निक्लेला भनी कुर्दैछन् । गृहमन्त्रीमा रविको यो दोस्रो इनिङ हो । यसअघि जम्माजम्मी ३२ दिन गृहको नेतृत्व सम्हालेका रविले यस पटक हनिमुन पिरियड (१०० दिन) को अवधि त मज्जैले कटाए, तर त्यसको उपादेयता सिद्ध गर्न भने सकेनन् ।

चार महिना गृहमा बसेका रवि सहकारी अपचलन मुद्दामा आफैं आरोपित व्यक्ति हुँदाहुँदै स्वार्थ बाझिने मन्त्रालय खान गएको भन्दै प्रश्नको घेरामा परे । गृहमा बसेका बेला भएका प्रहरी सरुवा बढुवादेखि अन्य निर्णयहरू पनि विवादित बने । राम्रो नगरे पनि नराम्रो नगर्ने बताएका रविका केही निर्णय यतिसम्म विवादित बने कि वहालवाला प्रहरी अधिकारीहरूले समेत बार्गेनिङसम्मको आरोप लगाए ।

सहकारी ठगी प्रकरणमा फरार रहेका जीबी राईलाई पक्राउ गरेर ल्याउने भन्दै मलेसियाको गृहमन्त्रीसँग पटक-पटक कुराकानी गरेको दाबी गरेका रविले जीबीलाई ल्याउन सकेनन् । आफ्नै साझेदार रहेकाले जीबीलाई रविले पक्राउ नगरेको भन्दै प्रमुख प्रतिपक्ष कांग्रेसले चर्को आलोचना समेत गर्‍यो ।

रविको करिब चार महिनाको कार्यकालमा भएका सरुवा बढुवा पनि विवादरहित बन्न सकेनन् । रविले जिम्मेवारी सम्हालेपछि १४ चैतमा डीएसपीबाट एसपी बढुवा गर्दा पहिलो नम्बरकै प्रदीप क्षेत्री बढुवामा छुटेका थिए । पहिलो नम्बरका क्षेत्रीलाई छुटाएर केपी शर्मा ओलीका पूर्व पीएसओद्वय सन्तोष तामाङ र राजन लिम्बू, पुष्पकमल दाहाल प्रचण्डका पूर्वपीएसओ विनोद घिमिरेलाई बढुवा गरिएको थियो । पहिलो नम्बरका क्षेत्रीलाई नै छुटाएको भन्दै लामिछानेको त्यतिबेला आलोचना भएको थियो । त्यसपछि १८ जेठमा एसपीबाट एसएसपीमा गरिएको बढुवा पनि विवादित बन्न पुग्यो ।

त्यतिबेला श्यामकृष्ण अधिकारी, रवीन्द्र रेग्मी, भीमबहादुर दाहाल र नातिराज गुरुङ एसएसपीमा बढुवा भएका थिए । बढुवामा छुटेका एसपी गोविन्द अधिकारीले त बार्गेनिङसम्मको आरोप लगाए । अधिकारीले सामाजिक सञ्जाल फेसबुकमा लेखे, 'गृहबाट बढुवा लिस्ट आउट गर्ने, मिडिया ट्रायल गर्ने, अनि बार्गेनिङ गरी फाइनल गर्ने नयाँ चलन चलेको हो ?'

त्यसैगरी प्रहरी अस्पतालका दुई एसएसपीहरूले ५० दिनसम्म दरबन्दी रिक्त राखेर आफूहरूको बढुवा नगरिएको भन्दै सार्वजनिक रूपमै आलोचना गरेका थिए । प्रहरी अस्पतालका प्राविधिक एसएसपी दीपक श्रेष्ठले नेपाल प्रहरी 'प्राइभेट कम्पनी लिमिटेड'मा परिणत भएको उल्लेख गरेका थिए । 'अब प्रहरी महानिरीक्षकले होइन कि सीईओले नेतृत्व गर्ने भएछ', श्रेष्ठले लेखेका थिए । श्रेष्ठसँगै अर्का एसएसपी सुवास आचार्यको डीआईजी दरबन्दी खाली हुँदा समेत बढुवा गरिएको थिएन । एसएसपीको ६ वर्षे पदावधिका कारण उनीहरू १३ असारको राति १२ बजेबाट अनिवार्य अवकाशमा गइसकेका छन् ।

तर यही बीचमा आफू निकटका डीआईजी पोषराज पोखरेललाई भने रविकै निर्देशनमा दुई दिनका लागि एआईजी बनाउने गरी बढुवा सिफारिस गरिएको थियो । यहीबीचमा सत्ता गठबन्धनमा फेर बदल आएपछि पोखरेल डीआईजीबाटै २१ असारमा अवकाशमा गए । त्यसैगरी यसअघि विवादित बन्दै आएका प्रहरी सरुवाकै निरन्तरता रविको कार्यकालमा पनि दोहोरिए । रवि गृहमा आएलगत्तै कमाण्ड सम्हालेको डेढ महिनामै एसपीहरू तानिएका थिए ।

जसमा जिम्मेवारी सम्हालेको डेढ महिनामै महोत्तरीका एसपी श्याम राई र सर्लाहीका एसपी दयानिधि ज्ञवाली तानिएका थिए । जिम्मेवारी सम्हालेको ६ महिना नपुग्दै बाँकेका एसपी सुवासचन्द्र बोहरा पनि तानिए । इलाम, सिरहा, धनुषा, महोत्तरी, सिन्धुलीका एसपी पनि अवधि नपुग्दै तानिन पुगे । केही एसपीहरूको जिम्मेवारी खोस्नु स्वाभाविक देखिए पनि केहीको हकमा विगतको ट्र्याक रेकर्ड हेरेर जिम्मेवारी खोसिनु उचित नभएको गुनासो थियो ।

गृहमन्त्रीको बागडोर सम्हालेपछि २७ फागुन २०८० मा प्रहरी हेडक्वार्टरको निरीक्षण गर्न पुगेका बेला लामिछानेले संगठनमा कुनै हस्तक्षेप नगर्ने दाबी गरेका थिए । 'नीति र विधिभित्र रहेर काम गर्नुस्, कुन व्यक्ति, कुन स्थानका लागि योग्य छ, सोही स्थानमा राख्नुस् । मबाट तपाईहरूको काममा हस्तक्षेप हुनेछैन', लामिछानेले भनेका थिए । तर त्यसपछिका उनका काम भने ठिक विपरीत हुँदै गएका थिए ।

सहकारी ठगी प्रकरणमा महान्यायाधिवक्ता र प्रहरीले रविलाई 'क्लिन चिट' दिएको भन्दै अधिवक्ता अनुपम भट्टराईले सर्वोच्चमा रिट दर्ता गराएका थिए । रवि विरुद्ध सहकारी प्रकरणमा कुनै जाहेरी दर्ता नभएको भन्दै महान्यायाधिवक्ता दिनमणि पोखरेलले पत्र नै लेखेर रविलाई दिएका थिए ।

त्यसपछि अधिवक्ता भट्टराईले सर्वोच्चमा रिट दायर गरेका थिए । रविले अनावश्यक दबाब दिएर प्रहरीदेखि महान्यायाधिवक्ताबाट 'क्लिन चिट' लिएको आरोप लगाइएको थियो । यो मुद्दामा सर्वोच्च अदालतले कास्की प्रहरी र महान्यायाधिवक्तासँग समेत जवाफ माग गरेको थियो ।

१६ वैशाखमा कास्की प्रहरीका इन्स्पेक्टर तिलक मानन्धरले पठाएको जवाफमा रविको नाम नै नरहेको उल्लेख गरिएको थियो । 'सूर्यदर्शन बचत तथा पीडित संघर्ष समितिले पूरक छानबिन तथा अनुसन्धान र छलफल गरी कारबाहीको दायरामा ल्याउनेबारे भनी मिति २०८०/१०/१६ मा यस जिल्ला प्रहरी कार्यालय कास्कीमा पेश गरेको निवेदन पत्रमा उक्त निवेदन उपर अनुसन्धान भइरहेको, उक्त निवेदन पत्रमा निज रवि लामिछानेको नाम उल्लेख नभएको र उक्त मुद्दामा कुनै पनि जाहेरी दरखास्त कसुर दर्ता किताबमा हालसम्म दर्ता नभएको व्यहोरा समेत अनुरोध गरिएको छ' कास्की प्रहरीले पठाएको जवाफमा उल्लेख गरिएको छ ।

तर १६ मा कास्की प्रहरीमा परेको उजुरीमा रवि लामिछानेको नाम पहिलो नम्बरमै रहेको उल्लेख गरिए पनि रविको नाम नरहेको भन्ने जवाफ प्रहरीले दिएपछि सहकारी पीडितहरूले भनेका थिए, 'कागजमा लेखेर भएन अब ताम्रपत्रमै लेखेको निवेदन हुनुपर्ने हो ?'

१६ माघमा नारायणकाजी श्रेष्ठ गृहमन्त्री भएका बेला रवि विरुद्ध जाहेरी परेको तर त्यसको केही दिनमै २३ फागुनमा रवि गृहमन्त्री बनेपछि प्रहरीलाई अनाश्यक दबाब दिएर आफू विरुद्ध जाहेरी नै नरहेको भन्ने जवाफ पठाउन रविले लगाएको आरोप छ । यता रविले भने सर्वोच्चलाई मुद्दा दर्ता, अनुसन्धान तथा अभियोजनमा रोक लगाउने गरी निर्देशन गर्नुपर्ने कुनै कारण नभएको जवाफ दिएका छन् ।

कास्की, रूपन्देही र चितवनकै प्रहरीको जवाफका आधारमा आफूले पत्र लेखेको महान्यायाधिवक्ता पोखरेलले सर्वोच्चलाई जवाफ दिएका छन् । सहकारी ठगीमा संलग्न रहेको आरोपमा समाचारहरू सार्वजनिक भएपछि १० वैशाखमा रविले महान्यायाधिवक्ता समक्ष निवेदन पेश गरेर पत्र बनाउन लगाएका थिए ।

सहकारी पीडितले उजुरी दिएर आफ्ना नाममा रकम गएको देखिंदा समेत जाहेरी नै नपरेको भन्दै पत्र बनाउन लगाउनुले प्रहरीलाई अनावश्यक दबाव दिएको बुझ्न सकिने पूर्वएआईजी राजेन्द्रसिंह भण्डारीको बुझाइ छ । 'उनकै जस्तो केसमा एउटा सांसद विरुद्ध पक्राउ पुर्जी जारी हुने तर रवि विरुद्ध जाहेरी नै दर्ता नहुने भनेपछि दबाब दिएर प्रहरीलाई आफू अनुकूल प्रयोग गरिएको बुझ्नुपर्छ', पूर्वएआईजी सिंह भन्छन् ।

४ जेठमा नेपाल प्रहरीका चार प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी)हरू प्रहरी नायव महानिरीक्षक (डीआईजी) बढुवाका लागि सिफारिस भएका थिए । जसअनुसार कृष्णहरि शर्मा पोखरेल, दानबहादुर कार्की, डा. मनोज केसी र राजन अधिकारी बढुवा भए ।

त्यतिबेला बढुवाको प्रतिस्पर्धामा तीन फरक-फरक मितिमा एसएसपीमा बढुवा भएका चार ब्याचीहरू प्रतिस्पर्धामा थिए । जसमा २०५१, २०५२, २०५३ र २०५४ मा प्रहरी निरीक्षक (इन्स्पेक्टर) मा भर्ना भएका चार ब्याचका ३० भन्दा बढी एसएसपीहरू प्रतिस्पर्धामा थिए । जसमा २०५२ मा इन्स्पेक्टर भएका शर्मा, २०५४ को टोलीका कार्की, केसी र अधिकारी बढुवा भए ।

२०५१ र २०५३ मा प्रहरी निरीक्षकमा भर्ना भएका ब्याचबाट भने बढुवामा कोही पनि परेनन् । अझ यो बढुवामा २०५३ सालमा इन्स्पेक्टरमा भर्ना भएकाहरू छुटेकाले उनीहरू भावी प्रहरी महानिरीक्षकको प्रतिस्पर्धाबाट अहिले नै बाहिर परेका छन् ।

नेपाल प्रहरीको इतिहासमा अहिलेसम्म हरेक ब्याचबाट एक जना आईजी बन्दै आएका छन् । तर यो बढुवाको आधारमा बाँकी निर्णयहरू हुँदै जाने हो भने २०५३ को टोली आईजी बन्ने बाटो समाप्त हुन्छ । जसकारण नै २०५३ मा इन्स्पेक्टर भएका एसएसपीहरू आफूहरू बढुवा नभए कुनै पनि हालतमा २०५४ को टोलीलाई बढुवा गर्न नहुने लबिइङमा थिए । तर, उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेको निर्देशनपछि २०५४ को टोलीका कार्की, केसी र अधिकारी बढुवा हुँदा २०५३ को पूरै टोली छुटेको थियो ।

२०५३ का टोलीहरू राष्ट्रिय अनुसन्धान विभागमा भर्ना भएर पछि प्रहरीमा स्थानान्तरण भएर आएकाहरू हुन् । तत्कालीन समयमा राजनीतिक कार्यकर्ता भर्ती केन्द्र बनेको राष्ट्रिय अनुसन्धानबाट विना प्रतिस्पर्धा प्रहरीमा आएको र प्रतिस्पर्धीहरू अधिकांशको ट्र्याक रेकर्ड नराम्रो रहेको बताउँदै २०५३ ब्याचलाई छुटाएर रविले डीआईजी बढुवा गरेका थिए ।

२०५३ को टोलीबाट डीआईजी बढुवाको प्रतिस्पर्धामा सिद्धिविक्रम शाह, सुशीलसिंह राठौर, उमाप्रसाद चतुर्वेदी लगायत थिए । अहिलेकै अवस्थामा राष्ट्रिय अनुसन्धानबाट आएको टोली आईजी बन्ने प्रतिस्पर्धा 'क्लोज' भएको छ ।

गृहको कार्यभार सम्हालेको १०० दिन पूरा भएको अवसरमा रविले एउटा कार्यक्रम घोषणा गरे- 'गृहमन्त्रीलाई भन्नुहोस्' । त्यसका लागि प्रहरी कार्यालय तथा सार्वजनिक ठाउँहरूमा समेत क्युआर टाँस गरियो । स्क्यान गरेरै गृहसँग सम्बन्धित गुनासा तथा उजुरीहरू गर्न पाइने व्यवस्था रविले मिलाए ।

यसलाई धेरैले सकारात्मक रूपमा लिए । पहिला हेलो सरकार तथा फोन कल मार्फत गुनासो गर्ने गरिएकोमा रविले स्क्यानको व्यवस्था मिलाएका थिए । यसरी आएको गुनासोबारे सम्बन्धित अधिकारीलाई फोन गरेर जानकारी लिने र गुनासोकर्तालाई जवाफ दिने काम रवि आफैंले गरे । यसअघि कार्यक्रम प्रस्तोता रहँदा टेलिभिजनमा 'सिधा कुरा' चलाएकै शैलीमा रविले 'कल ब्याक फ्राइडे' भन्दै कार्यक्रम नै चलाए ।

गुनासोकर्ताको फोन कल लाइभ रेकर्ड गर्ने र सम्बन्धित अधिकारीसँग फोन गरेर जवाफ माग गरिएको विषय समेत लाइभ रेकर्ड नै गरेर युट्युब च्यानल मार्फत रविले प्रसारण गरेका थिए । यसअघिको उनैले चलाउँदै आएको टिभी कार्यक्रमकै शैलीमा 'कल ब्याक फ्राइडे' रविले चलाए । पहिलो एपिसोड भन्दै रविको सचिवालयले युट्युब मार्फत यो कार्यक्रम सार्वजनिक समेत गरेको छ ।

चेक अफ कमाण्डमा चल्ने प्रहरी संगठनमा सोझै प्रहरीका तल्लो तहसम्मका अधिकारीलाई फोनमा रविले जवाफ खोजे । उनको यो कार्यक्रमलाई चेन अफ कमाण्ड भंग गरिएको सूचनाको रूपमा बुझ्नुपर्ने हो भन्दै पूर्वएआईजी देवेन्द्र सुवेदीले प्रश्न समेत गरे ।

'यो प्रत्यक्ष अपरेशनल शैली नेपाल प्रहरी, उपत्यका प्रहरी र ७ प्रदेश प्रहरी गरेर ९ थरीको फ्रयाग्मेन्टेशनले नेपालको प्रहरी प्रणाली सिध्याउने ग्रान्ड डिजाइन अन्त्यको संकेत हो, या प्रहरी संगठनको मौजुदा रणनीतिक र अपरेशनल कमान्ड चेन भंग गरिएको सूचना हो ?' पूर्वआईजी सुवेदीको प्रश्न छ ।

त्यसैगरी १८ जेठको साँझ रवि एकाएक प्रहरी वृत्त बौद्ध, गौशाला, महाराजगञ्ज पुगे । सचिवालय र युट्युबहरूका साथ तीन वृत्तको अनुगमनमा निस्केका उनले विभिन्न निर्देशन दिए । महाराजगञ्ज वृत्तलाई त बसपार्क सुधारको योजना १५ दिनभित्र पेश गर्न भन्दै 'अल्टिमेटम' नै दिए । गृहमन्त्री आफैं चौकी-चौकी पुगेर निर्देशन दिइएको घटनालाई प्रहरी अधिकारीले भने चेन अफ कमाण्डसँग जोडेर हेरेका छन् । वृत्तको अनुगमन तथा निर्देशन परिसरले गर्दै आएको छ । परिसरबाट समेत हुन नसकेको अवस्थामा सोझै एआईजीको कमाण्ड रहने काठमाडौं उपत्यका प्रहरी कार्यालयले गर्छ । तर चेन अफ कमाण्डलाई ब्रेक गर्दै रवि वृत्त पुगेर निर्देशन दिएका थिए ।

कान्तिपुर मिडिया ग्रुपका प्रकाशक कैलाश सिरोहिया ८ जेठमा थापाथलीस्थित कान्तिपुरको कार्यालयबाट पक्राउ परे । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले सिरोहियालाई पक्राउ गरेर नागरिकता सम्बन्धी कसुरमा अनुसन्धान गर्न भन्दै जनकपुर पुर्‍याएको थियो ।

पक्राउको ९ दिनपछि १६ जेठमा हाजिरी जमानीमा सिरोहियालाई रिहा गरिएको थियो । सिरोहिया पक्राउको साइनो गृहमन्त्री रविसँग जोडिएको देखिन्छ । सहकारी ठगी प्रकरणमा रविको 'संलग्नता'बारे कान्तिपुरले समाचार प्रकाशन गरिरहेको थियो । सोही बेला उजुरी गर्न लगाएर प्रतिशोधपूर्ण ढंगले गिरफ्तार गरिएको आरोपले रवि विवादरहित बन्न सकेनन् । उक्त आरोपलाई थप पुष्टि गर्ने घटनाक्रमहरू समेत देखिएका थिए । राष्ट्रिय स्वतन्त्र पार्टीका मधेश प्रदेश सदस्य इन्द्रजित महतोले सिरोहिया विरुद्ध १७ वैशाखमा धनुषा प्रहरीमा जाहेरी दर्ता गराएका थिए ।

प्रहरीले सिरोहियालाई पक्राउ गर्न ८ जेठमा अदालतबाट अनुमति लिएसँगै सिरोहिया पक्राउ परेका थिए । सिरोहियाको रिहाइबारे राष्ट्रिय अन्तर्राष्ट्रिय संस्थाहरूले चासो राख्दै नेपाल सरकारलाई उनको रिहाइको आग्रह गरेका थिए । जिम्मेवारी सम्हालेको १००औं दिनको अवसरमा गृह मन्त्रालयकै सभाहलमा रविले पत्रकार सम्मेलन गर्दै आफूले गरेका कामहरूको फेहरिस्त मात्रै सुनाएनन्, भावी कामका योजना समेत सार्वजनिक गरे । एकोहोरो रूपमा आफ्ना कुरा राखेपछि पत्रकारको कुरा (प्रश्न) नसुनी उनी कार्यक्रमबाट बाहिरिए । लोकतन्त्रको सुन्दर पक्ष नै हरेकलाई प्रश्न गर्न पाउनु रहेको बताउँदै निर्मम प्रश्न लिएर आउन भन्दै रविले पटक-पटक भन्ने गरेका थिए ।

निर्मम भन्दा निर्मम प्रश्न गर्न भन्ने उनै रविले कार्यक्रमको अन्त्यमा पत्रकारको एउटा पनि प्रश्न नसुनी बाहिरिए । 'यहाँहरूले निरन्तर हाम्रा कुरा, काम सार्वजनिक गरिदिएर नागरिककहाँ पुर्‍याइदिएर जुन साथ र सहयोग दिनुभएको छ, त्यसको लागि धन्यवाद ज्ञापन गर्न चाहन्छु' लामिछानेले भनेका थिए- 'आगामी दिनमा तपाईहरूको निर्ममभन्दा निर्मम प्रश्नहरू रहुन् । तपाईंका विश्लेषण कडाभन्दा कडा रहुन् । यो के भएको, कसो भएको चुनौतीका साथ भन्नुहोला ।'

यति भनिसकेपछि रवि कार्यक्रम हलबाट निस्कन सुरसार गरे । उनी बाहिरिँदै गर्दा जवाफ दिनुपर्छ, निर्मला पन्तले कहिले न्याय पाउँछिन् भन्दै पत्रकारको प्रश्न तेर्सिए । तर रवि भने प्रश्नको सामना नगरी सुटुक्क हिँडे । उनले जानुअघि अनुसन्धानकै क्रममा रहेका सूचना पनि 'लिक' गरे । यहाँहरूलाई एउटा कुरा आजै जानकारी गराउँ, 'जनकपुरको ९ हजार रोपनी जग्गाको हिनामिनाको अहिलेसम्मकै बिग स्क्यामको चाँडै अपरेशन गर्दैछौं ।'

प्रारम्भिक अनुसन्धानको क्रममा रहेको विषयलाई सार्वजनिक गरेर चर्चा कमाउने उद्देश्य मात्रै रहेको अर्थमा यस्ता विषयहरूलाई बुझ्नुपर्ने नेपाल प्रहरीका पूर्वडीआईजी हेमन्त मल्ल बताउँछन् । यो चार महिनाको अवधिमा रविले भने केही सकारात्मक प्रयास पनि गरेका थिए । विशेषगरी प्रहरीका तल्लो दर्जाले हरेक वर्ष उठाउँदै आएको १६ वर्षमै पेन्सन अवधिबारे सकारात्मक रहेको बताउँदै रविले १६ वर्षेबारे गृहकार्य पनि गरेका थिए ।

गृहमन्त्रालयकै प्रशासन महाशाखा प्रमुखको नेतृत्वमा समिति बनाएर सेवा प्रवेश गरेको १६ वर्षमै पेन्सन र प्रहरीको ३० वर्षे सेवा अवधिबारे पुनरावलोकनका लागि काम अघि बढाएका थिए । त्यसैगरी प्रहरी कर्मचारीको बढुवा विवाद हुने भएको बताउँदै रविले अटोमेसन (स्वचालित) बढुवा प्रणाली बनाउनेबारे पनि गृहकार्य सुरु गरेका थिए । यद्यपि यी प्रयास सफल नहुँदै उनी बाहिरिने अवस्था आएको छ ।

त्यस्तै पतञ्जलीको हदबन्दी छुट जग्गा बारेको अनुसन्धान पनि उनकै निर्देशनमा अघि बढेको छ । सीआईबीको पत्र पछि मालपोतले अहिले उक्त जग्गा किनबेचमा रोक लगाइसकेको छ । अतिक्रमित गरिएको ६३३ बिघा ७ कट्ठा १३ धुर जग्गा गृहकै सक्रियतामा सरकारकै नाममा ल्याइएको छ । कैलालीको सरकारी जग्गा घोटाला प्रकरणमा पनि सीआईबीले अनुसन्धान गरिरहेको छ । बाँसबारी छाला जुत्ताको जग्गा पनि सरकारको नाममा फिर्ता ल्याइएको छ ।

मिटरब्याज पीडितको समस्या समाधान गर्न भन्दै आयोग बनाएर काम सुरु गरिएको छ । यो अवधिमा १ हजार ४६५ वटा उजुरी परेकोमा ५३० वटा उजुरीमा मिलापत्र गरिएको थियो । ९२५ वटा उजुरी भने प्रक्रियामै रहेका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'शाहरुखले सम्मान पाउने 'लोकार्नो'मा मीनको 'शाम्बाला' छनोट




काठमाडौं/संसारकै प्रतिष्ठित फिल्म फेस्टिभल 'लोकार्नो'को ७७औं संस्करणमा नेपाली फिल्म 'शाम्बाला' छानिएको छ । पियाजा ग्राण्डे विधामा फिल्म छनोट भएको फेस्टिभलको वेबसाइटमा उल्लेख छ । आगामी साउन २३ देखि भदौ १ गतेसम्म चल्ने फेस्टिभलमा फिल्मका निर्देशक मीनबहादुर भामसहितको टिम सहभागी हुनेछन् । 'लोकार्नो'मा फिल्म छानिनुलाई निर्माण टिमले अविश्वसनीय भनेको छ ।

निर्माण कम्पनी सोनी फिल्म्सले सामाजिक सञ्जालमा बक्तव्य जारी गर्दै भनेको छ, 'यो अविश्वसनीय समाचार हो । लोकार्नो बोल्ड र नवीन फिल्ममा आफ्नो फोकसको लागि प्रख्यात छ । त्यसैले पियाजा ग्राण्डे खण्डको लागि 'शाम्बाला'लाई छनोट गर्नु अविश्वसनीय हो । हामी ठूलो पर्दामा फिल्म हेर्न र स्वीस दर्शकसँग साझेदारी गर्न धेरै पर्खन सक्दैनौं । यो एक सानदार उत्सवको आयोजना हो ।'

'शाम्बाला' गत वर्ष विश्व प्रसिद्ध बर्लिन फिल्म फेस्टिभलको प्रमुख प्रतिस्पर्धा अर्थात् अन्तर्राष्ट्रिय विधातर्फ छानिएको थियो । बर्लिनको यो विधामा छनोट हुने 'शाम्बाला' पहिलो नेपाली फिचर फिल्म हो । १४ करोडको लागतमा निर्माण भएको फिल्मले निर्माणअघि नै कयौं अन्तर्राष्ट्रिय 'फन्ड' जितिसकेको थियो । हिमाली कथा भन्ने फिल्ममा थिन्ले ल्हामो, कार्म शाक्य, सोनम तोप्देनको अभिनय छ ।

'शाम्बाला' छानिएको 'लोकार्नो' फेस्टिभलमा बलिउड अभिनेता शाहरुख खानलाई पनि सम्मान गरिँदैछ । भारतीय फिल्ममा उनको उल्लेखनीय करिअरका लागि 'करिअर्सि अचिभमेन्ट अवार्ड'बाट सम्मान गर्न लागिएको लोकार्नो फेस्टिभलको आर्टिस्टिक निर्देशक जियोना ए.ले बताएका छन् । यो महोत्सवमा शाहरुखको सर्वाधिक सफल र यादगार फिल्म 'देवदास' पनि देखाइने जनाइएको छ ।

# 'घरज्वाइँ'लाई पर्याप्त शोज, कस्तो होला ओपनिङ ?



काठमाडौं/फिल्म 'घरज्वाइँ'बाट यस वर्षको असार विदा हुँदैछ । आज शुक्रबारदेखि प्रदर्शनमा आउन फिल्मको बुधबारबाट देशभरका मल्टीप्लेक्सहरुमा बुकिङ खुल्ला भइसकेको छ । अभिनेता दयाहाङ राई र अभिनेत्री मिरुना मगरको जोडीका कारण फिल्मले मल्टीप्लेक्सहरुमा पर्याप्त शोज पाएको छ । शोज संख्या हेर्दा फिल्मप्रति हल सञ्चालकहरुले ठूलै अपेक्षा राखेको देखिन्छ ।

देशकै ठूलो मल्टीप्लेक्स चेनले दशवटा सहरमा रहेको हलमा गरी ५७ शोज (काठमाडौंमा २१ तथा मोफलसलमा ३७) बाँडेको छ । फिल्मलाई विशेषगरी पूर्वका हलमा बढी शोज दिइएको छ । त्यस्तै, दोस्रो ठूलो चेन आईएनआईले आफ्नो तीनवटा स्टेशनमा गरी फिल्मलाई १२ शोज तथा तेस्रो ठूलो चेन वान् सिनमाजले नयाँ बानेश्वर र कालिमाटी हलमा गरी कूल ९ शोज उपलब्ध गराएको छ ।

काठमाडौंका बिग मुभिज, एफक्युब, बिएसआर, विश्वज्योति सिनेमाज्, रञ्जना सिनेप्लेक्स, सिके सिनेमाज्, कीर्तिपुर सिनेमाज् जस्ता मल्टीप्लेक्सहरुमा पनि फिल्मले सन्तोषजनक शोज पाएको छ । काठमाडौंबाहिरका हलमा पनि फिल्मलाई प्राप्त शोज संख्या राम्रो देखिन्छ । फिल्मले देशभर डेढ सय हाराहारी शो पाएको जनाइएको छ । अब प्राप्त शोजमा दर्शक भर्नुपर्ने चुनौती फिल्मलाई छ ।

'घरज्वाइँ'को ओपनिङ दयाहाङ र मिरुनाको काँधमा छ । यसअघि चारवटा सफल फिल्म दिइसकेका उनीहरुको 'क्रेज' राम्रो छ । यसको फाइदा फिल्मको व्यापारको पर्नसक्ने विश्लेषण गरिएको छ । र, यो फिल्मले मगर समुदायको कथा उठाएकाले आदिवासी जनजातिहरु हलमा आउन सक्ने सम्भावना देखिन्छ । यसअघि दयाहाङका केही फिल्म यही समुदायले सफल बनाइदिएका थिए ।

अनिल बुढा मगरको निर्देशनमा बनेको यस फिल्ममा दयाहाङ र मिरुनासहित शिशिर वाङ्देल, कविता आले, पुष्कर गुरुङ, बुद्धि तामाङ, भोलाराज सापकोटा, खड्कबहादुर पुन (खबपु), राज थापा, शिला आले, अनु थापा, बिना थापा मगर, विवेश बुढा मगर, सोनाम लामा लगायतको पनि अभिनय छ । सुसन प्रजापतिको छायांकन रहेको 'घरज्वाइँ'का निर्माताामा भने जनकघर्ती मगर छन् ।

# कात्तिक ९ मा 'गुन्यो चोलो', पोस्टरमा नाजिरको ट्रान्सवुमन लुक्स




काठमाडौं/अभिनयमा पारंगत मानिएका अभिनेता नाजिर हुसेनले पहिलोपटक ट्रान्सवुमन (पारालैंगिक महिला)को भूमिकामा अभिनय गरेको फिल्म 'गुन्यो चोलो' आगामी कात्तिक ९ गतेबाट प्रदर्शनमा आउने निश्चित भएको छ ।

नाजिरलाई चित्रित गर्दै बिहीबार सार्वजनिक एक पोस्टर मार्फत् फिल्मको प्रदर्शन मिति घोषणा गरिएको हो । तिहार विदालाई लक्षित गरेर फिल्म प्रदर्शनमा आउन लागेको हो ।

सार्वजनिक पोस्टरमा नाजिरको लुक्स जबर्जस्त छ । उनी दुरुस्त पारालैंगिक महिला देखिएका छन् । ओठमा लिपिस्टिक, आँखामा गाजल, नाकमा नथिया र कानमा ठूलो रिङ लगाएका उनको कपाल छोटो छ ।

अनुहारमा निलडाम देखिन्छ भने छातीमा चोटको दाग छ । एउटा हातमा स्यान्डिल र अर्को हातमा नक्कली कपाल लिएका उनको आँखामा पीडा र निराशाको भाव झल्किएको छ ।

समुन्द्र भट्टको निर्देशनमा तयार भएको फिल्ममा नाजिरसहित सञ्चिता लुईंटेल, विशाल पहारी, सुशील सिटौला, अनुपम श्रेष्ठ, निशा बजगाईं लगायतको पनि अभिनय छ । फिल्ममा सञ्चिताले नाजिरको आमाको भूमिका निर्वाह गरेको जानकारी प्राप्त छ । निर्देशक भट्ट र अभिनेता हुसेनको संयुक्त पटकथा तथा संवाद रहेको फिल्मको 'पोस्ट प्रोडक्सन'को सम्पूर्ण काम नेपाल बाहिर गरिएको छ ।

यो फिल्ममा आकाश बुढाथोकी र भि. भन्से जानुबोन निर्माता तथा जेफ्री जे वेन र स्टिभ जोन्स्टन कार्यकारी निर्मातामा छन् । यसमा हलिउडकी लिजा जेरार्डले स्वर दिएकी छिन् भने ब्याकग्राउन्ड म्यूजिकको सम्पूर्ण काम मार्सेलो दि फ्रान्सिसी (हलिउडका ट्र्याक उत्पादक)ले गरेका छन् । छायाँकार भने आलोक शुक्ला हुन् । सार्वजनिक पोस्टरले फिल्मप्रति दर्शकमा उत्साह बढाउने देखिन्छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# पशुपन्छी निर्देशनालय हेटौंडाद्वारा सहुलियत ऋणमा मनपरी

साझाकुरा संवाददाता

हेटौंडा, २७ असार/ पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय हेटौंडाले आफैंले बनाएको कार्यविधि मिचेर कृषि फर्म तथा सहकारीलाई ५ करोड रुपैयाँ सहुलियत ऋण दिएको तथ्य खुलेको छ ।




निर्देशनालयले उत्पादन प्रशोधन र बजारीकरणका लागि बिउपुँजी कोष परिचालन कार्यक्रम सञ्चालनको क्रममा मनोमानी गरेको रहस्य सतहमा आएको हो । बिउँपुजी परिचालन कार्यविधि-२०८० लाई उल्लंघन गर्दै निर्देशनालयले कृषि फर्म तथा सहकारीलाई दोहोरो सहुलियत ऋण उपलब्ध गराएको हो । यसअघि नै सरकारी निकायबाट सहुलियत ऋण प्राप्त गरेका कृषि फर्म तथा सहकारीलाई निर्देशनालयले पुन: सोही कार्यक्रममा समावेश गर्नु कार्यविधिविपरीत देखिएको छ ।

निर्देशनालयले प्रथमपटक १९ पुस २०८० मा सार्वजनिक गरेको सूचनाअनुसार प्रदेशभरका कृषि फर्म, कृषि कम्पनी, कृषिउद्यमी, कृषक समूह र कृषि सहकारीलाई ५० प्रतिशत साझेदारीमा शून्य प्रतिशत ब्याजदरको सहुलियत ऋण प्राप्त गर्न प्रस्ताव माग गरेको थियो । सूचनामा बिउपुँजी कोष परिचालन कार्यविधि-२०८० अनुसार सहुलियत ऋण उपलब्ध गराइने उल्लेख छ । तर, निर्देशनालयले आफ्नै सूचनाविपरीत कार्यविधि मिचेर सहुलियत ऋणको रकम भुक्तानी गरेको हो ।

कार्यविधिको परिच्छेद-४ अन्तर्गत बुँदा नम्बर १५ मा 'हालसम्म कुनै पनि सरकारी निकायबाट सहुलियत ऋण प्राप्त नगरेका व्यवसायीलाई प्राथमिकता दिइने उल्लेख छ । त्यस्तै बुँदा नम्बर १४ मा कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय तथा स्थानीय तहबाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनासँग दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने उल्लेख छ । तर, निर्देशनालयले मनोमानी ढंगबाट अधिकार क्षेत्रभन्दा बाहिर गएर कार्यक्रम कार्यान्वयन गरेको खुलेको हो ।

निर्देशनालयले कार्यक्रमका लागि प्राप्त भएको कुल १ सय १४ वटा आवेदनमध्ये एकपटक पनि सहुलियत ऋण नपाएकाहरुलाई प्राथमिकतामा नराखी यसअघि नै लाभ लिइसकेका १९ वटा कृषि फर्म तथा कृषि सहकारीलाई छनोट गरेको छ । त्यस्तै ६ वटा आवेदनलाई बैकल्पिकमा समावेश गरेको छ । निर्देशनालयले सहुलियत ऋणका लागि छनोट गरेका फर्म तथा सहकारीले यसअघि नै सोही प्रकारको ऋण लिइसकेको भेटिएको छ ।

जसमध्ये चितवनको रत्ननगरस्थित न्युट्रिसाइलेज एन्ड रिसर्च फर्मले नेपाल बैंक लिमिटेड मार्फत, भरतपुरको मुक्तिनाथ ब्रिडिङ फर्म प्रालिले सिद्धार्थ बैंकबाट, रत्ननगरको एवन काउ फर्मले कुमारी बैंकमार्फत र गोकर्णेश्वरको सलका डेरी फार्म प्रालिले एनएमबी बैंकमार्फत सहुलियत ऋण लिएको भेटिएको छ । धुलिखेलको सेतीदेवी दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडले भने युवा स्वरोजगार कोषबाट सहुलियत ऋण लिएको पुष्टि भएको छ ।

यी ५ वटा फर्म तथा सहकारीले जनही १ करोडभन्दा बढी सहुलियत ऋण लिएको नेपाल राष्ट्र बैंकको अभिलेखमा छ । तर, निर्देशनालयले पुन: न्युट्रिसाइलेजलाई ४० लाख, मुक्तिनाथलाई २० लाख, एवनलाई १५ लाख, सलकालाई ५० लाख र सेतीदेवीलाई २५ लाख सहुलियत ऋण दिएको हो । निर्देशनालयबाट चागुनारायणको सुपा देउराली एग्रो फर्मले २० लाख, मनहरीको बासुनन्द पशु तथा कृषि फर्मले ५० लाख, बूढानीलकण्ठको आप्सिका पशुपालन तथा कृषि फर्मले ३० लाख, तीनपाटनको रातमाटे कृषि तथा पशुपन्छी फर्मले १५ लाख, चौरीदेउरालीको खहरेखोला एग्रो कृषि फार्मले २० लाख, खैरहनीको ढकाल कृषि फर्मले १५ लाख पाउने गरी ९ वैशाख २०८१ मा सूची सार्वजनिक गरेको छ ।

त्यस्तै बेनीघाटको घुसा कृषि फर्मले ५० लाख, दोरम्भाको शैलुङ नमुना कृषि तथा पशुपन्छी फर्मले २० लाख, चौताराको आस्था अर्गानिक कृषि फर्मले २० लाख, मन्थलीको भीरखर्क कृषि तथा पशुपन्छी फर्मले १५ लाख, नमोबुद्धको अनिल कृषि तथा पशुपन्छी फर्मले २० लाख, हेलम्बुको सप्तरंगी ट्राउट माछा उत्पादन केन्द्रले ३० लाख, धुनीबेंसीको अर्याल बहुउद्देश्यीय कृषि फार्मले २० लाख र गोलन्जोरको हैबारवेशी बहुउद्देश्यीय कृषि फर्मले २५ लाख रुपैयाँ पाएका छन् ।

बैकल्पिकमा रहेका सुनकोशीको पिङडाँडा सानाकिसान कृषि सहकारी, हेटौंडाको कमला बहुउद्देश्यीय कृषि फर्म, गल्छीको मिलीजुली कृषि फार्म, मनहरीको सानाकिसान कृषि सहकारी, मनहरीकै सोच एमो कृषि फार्म र विदुरको हाम्रो आधुनिक दुग्ध संकलन तथा बिक्री केन्द्र समावेश छन् । सहुलियत ऋण पाउने तथा बैकल्पिक सूचीमा रहेका अधिकांशले यसअघि नै सोही प्रकारको सहुलियत ऋण लिइसकेको तथ्य फेला परेको छ ।

कृषि क्षेत्रको उत्थानमा लागेका श्रमजीवी कृषक तथा कृषि व्यवसायीको मनोबल गिर्ने गरी अनुचित लाभकोअपेक्षामा निर्देशनालयले अखितयारको दुरुपयोग गर्दै राज्यकोषको दुरुपयोग गरेको भन्दै कृषकहरुले गुनासो गरेका छन् । 'निर्देशनालयले आफैंले बनाएको ऐन कार्यविधिविपरीत सहुलियत ऋणको लागि छनोट प्रक्रिया अघि बढायो । हामीले गुनासो तथा उजुरी दियौं । तर, कुनै छलफलसमेत नगरी मनोमानी ढंगबाट छनोट प्रक्रिया सम्पन्न गरियो', मकवानपुरगढी-२ का कृषक सन्दीप सापकोटाले गुनासो गरे । उनले सम्बन्धित निकायले यस विषयमा आवश्यक छानबीन गरी दोषीमाथि कारबाहीको माग गरे ।

निर्देशनालयका निर्देशक डा.गौरीमान श्रेष्ठले भने आफूहरुले अनुचित लाभको अपेक्षा नगरेको प्रतिक्रिया दिएका छन् । उनले भने, 'छनोटका क्रममा कार्यविधिभन्दा केही फरक पर्न गएको हो । उहाँहरुले अन्तैबाट ऋण लिनुभएको होला, हामीले दोहोर्‍याएर कसैलाई पनि दिएका छैनौं । छनोटको चरणमा भने स्थलगत अवलोकन गर्न जाँदा ऋणको सदुपयोग गर्नेखालको, फिर्ता दिने संभावना भएको, आवश्यक कागजात भएको लगायत विभिन्न विषयमाथि गहनरुपमा अध्ययन गरेर सूची फाइनल गरेका हौं ।,'

कृषकलाई कृषितर्फ प्रेरित गराउन बागमती सरकारले सो कार्यक्रम अघि सारेको हो । सहुलियत ऋण नपाएका कृषकले सहुलियत ऋण लिएर कृषिकर्ममा केही गरुन् भन्ने उद्देश्यका साथ कार्यक्रम अघि सारिएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ । *(अन्नपूर्ण पोष्टबाट)*

# खेलकुद विकास समिति अध्यक्षद्वारा पदभार ग्रहण

साझाकुरा संवाददाता

हेटौंडा, २७ असार/ मकवानपुर जिल्ला खेलकुद विकास समितिका नवनियुक्त अध्यक्ष राजकुमार मुक्तानले पदभार ग्रहण गरेका छन् । हेटौंडा-४ स्थित समितिको कार्यालयमा बिहीबार पदभार ग्रहण गरेका हुन् ।

समितिका कार्यालयप्रमुख माधव कोइरालाले अध्यक्ष मुक्तान लगायत सदस्यहरु श्रीकृष्ण रुम्बा र मदन उप्रेतीलाई स्वागत गर्दै पदभार ग्रहण गराएका छन् । खेलकुद विकास परिषद बागमती प्रदेशले हेटौंडा उपमहानरपालिका-१२ भोर्लेका मुक्तानलाई असार २० गते अध्यक्षमा मनोनित गरेको थियो । पदभार ग्रहण पछि संक्षिप्त प्रतिक्रिया दिदै जिल्लामा खेलकुद गतिविधिलाई चलायमान बनाउने प्रतिबद्धता जनाएका थिए ।

मुक्तानको पदावधि ४ वर्षको रहनेछ । यसअघि जिल्ला अध्यक्षाको पदावधि दुईवर्ष रहने प्रावधान रहेकोमा प्रदेश खेलकुद विकास नियमावली, २०७६ को दोस्रो संशोधन गरेर ४ वर्ष पुर्‍याइएको हो । कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, नेकपा माओवादी केन्द्र मकवानपुर संयोजक भीम पाखिन, जिल्ला सचिव वीरबहादुर घलान, विभिन्न खेल क्षेत्रका प्रशिक्षाक, खेलाडी लगायतले सफल कार्यकालको शुभकामना व्यक्त गरेका थिए ।

# मुख्यमन्त्री जम्कट्टेललाई मार्गप्रशस्त गर्न कांग्रेसको आग्रह

साझाकुरा संवाददाता

हेटौंडा, २७ असार/ बागमतीका मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई सहमतिको सरकार गठन गर्न मार्गप्रशस्त गरिदिन नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलले आग्रह गरेको छ ।

कांग्रेस संसदीय दलका नेता बहादुरसिं लामाले बिहीवार विज्ञप्ति जारी गर्दै मुलुकमा राजनीति स्थायित्व र संविधानमा समयानुकूल संशोधन गर्न संघ र सातै प्रदेशमा सहमतीय सरकार गठन हुने प्रक्रियामा रहेका कारण मुख्यमन्त्रीले सहमतीय सरकार गठन गर्न तत्काल मार्गप्रशस्त गर्न अनुरोध गरेका हुन् ।

'वर्तमान मुख्यमन्त्रीको नेतृत्वमा गठन भएको प्रदेश सरकारबाट एमालेका मन्त्रीहरुले राजीनामा बुझाइ विश्वासको मत फिर्ता लिइसकेको पृष्ठभूमिमा वर्तमान सरकार प्रस्टरुपमा अल्पमतमा परी कामचलाउ सरकारको हैसियतमा पुगिसकेको स्थिति छ,' उनले भनेका छन् । विज्ञप्तिमा हालको अवस्थामा सरकारलाई कुनै पनि महत्वपूर्ण निर्णय वा नियुक्ति नगर्न समेत आग्रह गरिएको छ । मुख्यमन्त्रीको कुर्सी खाली गराउन लागेका नेता लामालाई नेका बागमती प्रदेश सभापति ईन्द्र बानियाँले मुख्यमन्त्रीको कुर्सी हत्याउन सक्ने चिन्ता भने देखिएको छैन ।

'अल्पमतमा परेको सरकारले कुनै पनि नियुक्ति वा निर्णय गर्नु नैतिकताको हिसाबले पनि उपयुक्त नहुने भएकाले नेपाली कांग्रेस संसदीय दलको तर्फबाट गम्भीर ध्यानाकर्षण गराउँछौं,' नेता लामाले भने । एमाले र कांग्रेसको अब बन्ने नयाँ राजनीतिक समीकरण जनअपेक्षित भएको कांग्रेस संसदीय दलको दाबी छ ।

माओवादी केन्द्रका नेता जम्मकट्टेल नेतृत्वको सरकारले विभिन्न राजनीतिक नियुक्ति गर्न थालेपछि एमाले र कांग्रेस रुष्ट भइरहेका छन् । एमालेले पनि यसअघि विज्ञप्ति नै जारी गरी दीर्घकालीन असर पार्ने निर्णय नगर्न सरकारलाई आग्रह गरिसकेको छ ।

## सूचना ! सूचना ! सूचना !

उपरोक्त विषयमा, आ.वं. २०८०/०८१ को सडक डिभिजन कार्यालय हेटौंडा, मकवानपुर अन्तर्गत भएको ठेक्का सम्झौता अनुसार निर्माण व्यवसायीहरुले समयमा नै म्याद थप भई प्रकिया पुरा गरि निर्माण कार्य सम्पन्न गरी बिल पेश समेत गरिसकेको अवस्थामा पनि भुक्तानी नभएको कारण निर्माण व्यवसायीहरु मर्कामा परेको तथा विभिन्न प्रकारका सप्लाई चेनहरु नै टुटेको अवस्था सिर्जना भएको कारण त्यस सडक डिभिजन कार्यालय हेटौंडा मकवानपुरको कार्यालयमा धर्ना तथा तालाबन्धी कार्यक्रम रहेको हुदाँ सम्पुर्ण निर्माण व्यवसायीहरु लाई उपस्थितीको लागि हार्दिक अनुरोध गर्दछु ।

**कार्यक्रम :**
मिति : २०८१ असार २८ गते (शुक्रबार)
समय : बिहान ११ बजे ।
स्थान : सडक डिभिजन कार्यालय हेटौंडा, मकवानपुर

राजेन्द्र प्रसाद चौलागाईं
(महासचिव)
**निर्माण व्यवसायी संघ मकवानपुर**

# एक दर्जन शीतभण्डार अलपत्र

साझाकुरा संवाददाता



हेटौंडा, २७ असार/ बागमती प्रदेश सरकारको लगानीमा निर्माणाधीन र सम्पन्न भएका एक दर्जन शीतभण्डार अलपत्र परेका छन् । प्रदेश सरकारले स्थानीय तह, स्थानीय सहकारी र निजी क्षेत्रको साझेदारीमा ९ जिल्लाको १२ स्थानमा ६ वर्षदेखि निर्माण थालेको एक अर्ब ६ करोड रुपैयाँका १२ शीतभण्डार अलपत्र बनेका हुन् ।

६ शीतभण्डार सम्पन्न भएर पनि सञ्चालनमा आउन सकेको छैन भने चारवटा अधुरै र दुई ठाउँमा अझै निर्माण नै सुरु हुन सकेको छैन । प्रदेशको साबिक भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (हाल कृषि तथा पशुपन्छी विकास मन्त्रालय) र साझेदार संस्थासँगको सहकार्यमा एकवर्ष भित्र निर्माण सम्पन्न गर्ने गरी २०७६ को २५ असारमा पहिलो चरणका आठ, ३० असारमा दोस्रो चरणका दुई र १३ माघमा तेस्रो चरणका दुई शीतभण्डार निर्माणका लागि निर्माण कम्पनीसँग सम्झौता भएको थियो ।

नौ जिल्लाका १२ पालिका रसुवाको धैबुङ्-५, दोलखाको जिरी-५ र भीमेश्वर-८, सिन्धुपाल्चोकको लिसंखुपाखर-७ र इन्द्रावती-७, रामेछापको मन्थली-१, सिन्धुलीको सुनकोशी गाउँपालिका-५, काभ्रेको बनेपा-७, चितवनको खैरहनी, धादिङको बेनीघाटमा, नुवाकोटको विदुर-५ र बेलकोटगढी-१० मा शीतभण्डार बनाउन एक अर्ब ६ करोड ७३ लाख २६ हजार ४५१ रुपैयाँमा ठेक्का लागेको थियो ।

पहिलोचरणमा इजीइन्फ्रा प्रालिसँग ठेक्का सम्झौता गरिएका मध्ये सिन्धुपाल्चोकको लिसंखुपाखर गाउँपालिका-७, सिन्धुपाल्चोककै इन्द्रावती गाउँपालिका-७, दोलखाको जिरी नगरपालिका-५, रामेछापको मन्थली नगरपालिका-१ र सिन्धुलीको सुनकोशी गाउँपालिका-५ मा पाँच-पाँच सय मेट्रिकटन तथा रसुवाको कालिका गाउँपालिका-२ मा तीनसय मेट्रिकटनको शीतभण्डार निर्माण सम्पन्न भइसकेका छन् ।

सिन्धुपाल्चोकको लिसंखुपाखरमा पाँच करोड ३५ लाख १७ हजार ८९१, इन्द्रावतीमा पाँच करोड ३५ लाख ४९ हजार १५७, रामेछापको मन्थलीमा पाँच करोड ३० लाख ९५ हजार २३७, सिन्धुलीको सुनकोसीमा पाँच करोड ३० लाख ८० हजार ८३६, दोलखाको जिरीमा पाँच करोड ३७ लाख १६ हजार ४५४ र रसुवाको कालिकामा तीन करोड ७० लाख ३५ हजार ३३५ रुपैयाँ ठेक्कामा शीतभण्डार बनेका हुन् ।

एक वर्षभित्र सक्ने सम्झौता भएपनि कोरोनालगायत कारण चारपटकसम्म म्याद थपेर निर्माण गरिएका हुन् । तैपनि साझेदार संस्थालाई हस्तान्तरण नहुँदा व्यावसायिकरुपमा प्रयोगमा आउन सकेका छैनन् । शीतभण्डार तयार भए पनि प्रदेश सरकारले हस्तान्तरण नगरिदिंदा किसानले उत्पादन भण्डारण गर्न पाएका छैनन् ।

पहिलोचरणमै दोलखाको भीमेश्वर नगरपालिका-८ मा दुईसय मेट्रिकटन क्षमताको शीतभण्डार बनाउने ठेक्का परे पनि जग्गा नै हाइटेन्सनलाइनको मापदण्डभित्र परेपछि निर्माण कार्य रोकिएको छ । मन्त्रालय र साझेदार संस्थाले निर्माण कम्पनीलाई २९ लाख ६२ हजार २४८ रुपैयाँ भुक्तानी गरिसकेका छन् । यो शीतभण्डार चार करोड ८५ लाख ८१ हजार ९४८ रुपैयाँमा निर्माण गर्ने सम्झौता भएको थियो ।

त्यस्तै, काभ्रेको बनेपा नगरपालिका-७ मा साझेदार संस्था कृषिबजार मल्टिपर्पसले निर्माणस्थल नै उपलब्ध गराउन नसकेपछि तीनसय मेट्रिकटन क्षमताको शीतभण्डार निर्माणको काम अघि बढ्न सकेको छैन । काभ्रेमा शीतभण्डार निर्माणका लागि तीन करोड ६४ लाख ५६ हजार ८३६ रुपैयाँको ठेक्का सम्झौता भएको थियो । मन्त्रालयले दोस्रोचरणमा चितवनको खैरहनी नगरपालिका-९ र धादिङको बेनीघाटरोराङ गाउँपालिका-७ मा १५-१५ सय मेट्रिकटन क्षमताका शीतभण्डार बनाउन इजीइन्फ्रा प्रालिसँगै कुल २५ करोड ७८ लाख १२ हजार ५६२ रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो ।

३० असार ०७६ मा भएको ठेक्का सम्झौता अनुसार १४ माघ ०७७ मा निर्माण सम्पन्न गर्नुपर्ने थियो । तर, मन्त्रालयले दुई भण्डारका लागि इजीइन्फ्रालाई २२ करोड ५० लाख ९९ हजार ६१६ रुपैयाँ भुक्तानी गरिसक्दा पनि विद्युत् जडान, परीक्षणलगायत काम बाँकी नै छ । ९७ प्रतिशत भौतिक प्रगति भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सूचनाअधिकारी अनुप अधिकारीले जानकारी दिए ।

तेस्रो चरणअन्तर्गत नुवाकोटका विदुर नगरपालिका-५ र बेलकोटगढी नगरपालिका-१० मा पाँच-पाँच हजार मेट्रिकटन क्षमताका शीतभण्डार बनाउन १३ माघ ०७६ मा ठेक्का सम्झौता भएकोमा अहिलेसम्म ६० प्रतिशत मात्रै काम सकिएको छ । सरकार-निजी साझेदारीमा निर्माणका लागि प्रदेश कृषि मन्त्रालयले कुल ४० करोड २५ लाख ४९ हजार ७०५ रुपैयाँमा रसुवा कन्स्ट्रक्सनलाई शीतभण्डारको ठेक्का लगाएको सूचना अधिकारीको भनाई छ ।

प्रदेश सरकार र साझेदार निकाय-संस्थाले बनिसकेका, बन्दै गरेका र निर्माण नै सुरु नभएका १२ शीतभण्डारका लागि अहिलेसम्म ७६ करोड ३२ लाख ८६ हजार ४१ रुपैयाँ निर्माण कम्पनीलाई भुक्तानी दिइसकेका छन् । शीतभण्डार निर्माण प्रदेश र स्थानीय तह/सहकारीको साझेदारीमा क्रमश: ७० र ३० प्रतिशतका दरले लागत व्यहोर्ने सम्झौता भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका वरिष्ठ कृषि अर्थविज्ञ सुजन कँडेलले बताए । प्रदेश कृषि मन्त्रालयका अनुसार निर्माण भइसकेका र निर्माण कार्य चलिरहेका शीतभण्डारका साझेदारहरुले सम्झौताअनुसार १९ करोड १० लाख २० हजार ७८६ रुपैयाँ भुक्तानी दिन बाँकी छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका निमित्त सचिव एवम् कृषि विकास महाशाखा प्रमुख भरतप्रसाद बिडारीका अनुसार निर्माण सम्पन्न भएका शीतभण्डारमा अझै विद्युत् मिटर जडान नभएको र निर्माण व्यवसायीले निर्माण सम्पन्न भएको भने पनि काम अझै बाँकी रहेकाले भुक्तानी दिन सक्ने स्थितिमा मन्त्रालय नरहेको बताए । पहिलो र दोस्रो चरणमा निर्माण भएका शीतभण्डारको अख्तियारमा मुद्दा परेको र अनुसन्धानकै क्रममा रहेकाले भुक्तानी तथा हस्तान्तरणको प्रक्रिया अगाडि बढ्न नसकेको उनको भनाई छ ।

तेस्रो चरणमा निर्माण भइरहेका नुवाकोटको दुवै शीतभण्डारको म्याद भदौ १७ गतेसम्म थप भएकाले निर्माणको क्रममा रहेको उनले बताए । प्रदेशमा निर्माणाधीन र निर्माण सम्पन्न भएका शीतभण्डारको डिपिआर बनाउनेदेखि अन्तिम प्रक्रियासम्म बदमासी भएकाले अहिले समस्या आएको उनले बताए ।

## भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

**3 YEARS HA, LAB TECHNOLOGY, PHYSIOTHERAPY, PADIOGRAPHY**

SEE/SLC पास पछिको ३ वर्ष प्रमाण पत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८१/०८२ को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका, (SEE/SLC) परीक्षामा गणित, अंग्रेजी र विज्ञान विषयलाई समग्रमा Grade Point Average (GPA) न्युनतम २ प्राप्त हुनु पर्नेछ ।

**MTI का विशेषताहरू**
- उत्कृष्ट एवम् अनुभवी प्राध्यापकहरुद्वारा अध्यापन गराइने
- उत्कृष्ट पूर्वाधार प्राप्त OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवम् मनोरम शैक्षिक वातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरुलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराइने
- उत्कृष्ट ल्याबको सुविधा
- उत्कृष्ट नतिजा
- २९ वर्षदेखि निरन्तर चलिरेहेको संस्था

फारम शुल्क रू.१५००/-

**कार्यक्रमहरू**

| | |
|---|---|
| Health Assistant (HA) | 40 सिट |
| PCL Lab Technology | 30 सिट |
| PCL Radiography | 30 सिट |
| PCL Physiotherapy | 40 सिट |

फारम वितरण मिति : २०८१/०३/१६ गते आइतबार देखि
फारम बुझाउने अन्तिम मिति : २०८१/०४/१३ गते आइतबार बेलुका ४:३० सम्म
प्रवेश परीक्षा सञ्चालन हुने मिति : २०८१/०४/१९ गते विहान ८:०० बजे

**मकवानपुर टेक्निकल इन्ष्टिच्युट**
हेटौंडा-५, भैरवरोड
सम्पर्क : ०५७-५२१८५२, ९८५५०३१९१०, ९८६०२०२६७१, ९८५५०१२८५२

## सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

"हाम्रो आधुनिक राम्रो आधुनिक, राम्रो आधुनिक हाम्रो आधुनिक"
"गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता"

## श्री आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय
हेटौंडा-४, मकवानपुर

## भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

शैक्षिक सत्र २०८१/०८२ को लागि कक्षा ११ मा (+2 science) मा नयाँ भर्ना खुल्यो

हामीलाई विश्वास गर्नुहोस्, तपाईंको सक्षमताको ढोका हामी खोल्छौं ।

**अध्यापन हुने विषयहरु**

| विज्ञान संकायतर्फ | शिक्षाशास्त्र तर्फ | व्यवस्थापन तर्फ |
|---|---|---|
| क. भौतिक विज्ञान (Physics) | क. अंग्रेजी (English) | क. बिजनेस स्टडिज (Business studies) |
| ख. रसायन विज्ञान (Chemistry) | ख. नेपाली (Nepali) | ख. अर्थशास्त्र (Economics) |
| ग. जिव विज्ञान (Biology) | ग. गणित (Math) | ग. गणित (Basic Math) |
| घ. कम्प्युटर विज्ञान (Computer) | | |

प्राविधिक तर्फ
क. कम्प्युटर सफ्टवेयर

**हाम्रो विशेषताहरू:**
- ब्रिटिस काउन्सिलद्वारा अन्तर्राष्ट्रिय मान्यता प्राप्त ISA 2020/2023 द्वारा सम्मानित मकवानपुरको पहिलो र एक मात्र विद्यालय
- पूर्ण मल्टिमिडियाको प्रयोग
- व्यवस्थित तथा उत्कृष्ट विज्ञान प्रयोगशालाको व्यवस्था
- विद्यार्थीको व्यक्तिगत पहिचान सहित तयारी
- कमजोरी विद्यार्थीलाई अतिरिक्त कक्षाको प्रबन्ध
- न्युनतम लागतमा अधिकतम सन्तुष्टि
- समाय समयमा अतिरिक्त क्रियाकलाप संचालन हुने
- विभिन्न अन्तर्राष्ट्रिय प्रोजेक्ट माध्यमद्वारा (भारत, जापान, मलेसिया, बेलायत, इजिप्ट पेलिष्टाइनका विभिन्न विद्यालयहरुसँग) शिक्षण सिकाई क्रियाकलाप गरिरहेको
- गरिब तथा जेहनदार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था

मो समिम (समिन खान) — अध्यक्ष — ९८११८८२२८६
श्री रामसागर गुरागाई — प्रधानाध्यापक — ९८५५०६०९३३
श्री राजाराम पोखरेल — ९८४५४६३१८८
श्री संतिश आचार्य — ९८४५०३०७८७
श्री आधुनिक राष्ट्रिय मा.वि. — ०५७-५२०७६६

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापखाना